# मध्यमकालिन खर्च संरचना

(आ.ब. २०८०/८१-२०८२/०८३)

## साँफेबगर नगरपालिका

अछाम

# मध्यमकालिन खर्च संरचना

(आ.ब. २०८०/८१-२०८२/०८३)

# साँफेबगर नगरपालिका

## अछाम

## मध्यमकालीन खर्च संरचना (आ.व. २०८०/८१ – २०८२/८३)

| | | |
|---|---|---|
| प्रकाशक | : | साँफेबगर नगरपालिका<br>नगर कार्यपालिकाको कार्यालय |
| सर्वाधिकार | : | प्रकाशकमा |
| प्रकाशन मिति | : | २०७९ |

**प्राविधिक सहयोग** :

खप्तड रिसर्च एण्ड डेभलपमेन्ट सेन्टर प्रा.लि., धनगढी कैलाली

# बिषयसूची


| | | |
|---|---|---|
| **परिच्छेद १  परिचय** | | **१** |
| १.१ | पृष्ठभूमि | १ |
| १.२ | अवधारणा तथा उद्देश्य | २ |
| १.३ | संस्थागत व्यवस्था | **२** |
| १.४ | तर्जुमा प्रक्रिया | ३ |
| **परिच्छेद २ : मध्यमकालीन खर्च संरचना** | | **७** |
| २.१ | पृष्ठभूमि | **७** |
| २.२ | सोच, उद्देश्य तथा रणनीति | ७ |
| २.३ | मध्यमकालीन आर्थिक खाका | ८ |
| २.४ | मध्यमकालीन नतिजा खाका | **९** |
| २.५ | मध्यमकालीन बजेट खाका | **१०** |
| २.६ | बजेट विनियोजन र प्रक्षेपणको बाँडफाँट | १३ |
| **परिच्छेद ३ आर्थिक क्षेत्र** | | **१७** |
| ३.१. | कृषि तथा पशुपन्छी | **१७** |
| ३.२ | सिँचाइ | २१ |
| ३.३ | भूमि व्यवस्था | २३ |
| ३.४ | उद्योग, वाणिज्य तथा आपूर्ति | **२५** |
| ३.५ | पर्यटन | २८ |
| ३.६ | बैंक बित्तिय तथा सहकारी | ३१ |
| **परिच्छेद ४ : सामाजिक क्षेत्र** | | |
| ४.१ | शिक्षा तथा मानव संशासन | ३४ |
| ४.२ | आधारभुत स्वास्थ्य | **३९** |
| ४.३ | खानेपानी तथा सरसफाई | ४३ |
| ४.४ | सामाजिक समावेशीकरण तथा सुरक्षा | ४५ |
| ४.५ | कला संस्कृति शान्ति सुरक्षा मेलमिलाप | **४९** |
| ४.६ | युवा तथा खेलकुद | ५२ |
| **परिच्छेद ५ : पूर्वाधार क्षेत्र** | | |
| ५.१ | सडक पुल र  यातायात व्यवस्था | **५५** |
| ५.२ | भवन, आवास, बस्ती तथा बजार | **५८** |

| | | |
|---|---|---|
| ५.३ | जलस्रोत, विद्युत तथा वैकल्पिक ऊर्जा | ६१ |
| ५.४ | सूचना तथा सञ्चार | ६३ |
| **परिच्छेद ६ : वन, वातावरण तथा विपद् व्यवस्थापन** | | **६७** |
| ६.१ | वन तथा जैविक विविधता | ६७ |
| ६.२ | भूसंरक्षण तथा जलाधार व्यवस्थापन | ६८ |
| ६.३ | वातावरण तथा फोहोरमैला व्यवस्थापन | **७१** |
| ६.४ | विपद् व्यवस्थापन तथा जलवायु उत्थानशीलता | ७३ |
| **परिच्छेद ७ : संस्थागत विकास तथा सुशासन** | | **७६** |
| ७.१ | कानून, न्याय तथा सुशासन | **७६** |
| ७.२ | संगठनात्मक विकास तथा मानव संशाधन | ७९ |
| ७.३ | स्रोत परिचालन | ८२ |
| ७.४ | तथ्याङ्क प्रणाली र योजना व्यवस्थापन | **८४** |

# मध्यमकालीन खर्च संरचना

## परिच्छेद १ : परिचय

### १.१ पृष्ठभूमि

आवधिक योजनाले लिएका समष्टिगत तथा विषय क्षेत्रगत लक्ष्य र उद्देश्यहरू हासिल गर्न सार्वजनिक खर्च व्यवस्थापनको महत्वपूर्ण भूमिका हुन्छ । विनियोजन कुशलता, कार्यान्वयन दक्षता र वित्तीय सुशासन जस्ता विषयहरू सार्वजनिक खर्च व्यवस्थापनका मुख्य अवयवहरू हुन् । मध्ममकालीन खर्च संरचनाले आवधिक योजना र वार्षिक बजेट तथा कार्यक्रमबीच अन्तरसम्बन्ध कायम गरी सार्वजनिक खर्च व्यवस्थापनलाई प्रभावकारी बनाउन सहयोग गर्दछ । यसले स्रोत व्यवस्थापन र अपेक्षित उपलब्धिको खाका समेत प्रस्तुत गर्दछ ।

नेपालमा आ.व. २०५९/६० देखि अवलम्बन गरिएको मध्यमकालीन खर्च संरचनाको प्रमुख उद्देश्य प्राथमिकताका आधारमा सार्वजनिक स्रोतको बाँडफाँट गरी खर्चको प्रभावकारिता बढाउनु हो । मध्यमकालीन खर्च संरचनाले स्थानीय तहमा विकास योजनाको लक्षित नतिजा हासिल गर्न स्रोत साधनको प्रभावकारी विनियोजन र परिचालन, पारदर्शी र मितव्ययी खर्च प्रणाली, वित्तीय सुशासन जस्ता पक्षमा सुधार ल्याउन महत्वपूर्ण भूमिका निर्वाह गर्दछ । अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ ले समेत स्थानीय तहले मध्यमकालीन खर्च संरचना तयार गरी कार्यान्वयन गर्नु पर्ने व्यवस्था गरेको छ ।

### १.२ अवधारणा तथा उद्देश्य

#### १.२.१ अवधारणा

सार्वजनिक वित्त व्यवस्थापनको एक औजारको रूपमा मध्यमकालीन खर्च संरचनाले सरकारसँग उपलब्ध सीमित स्रोत-साधनको वस्तुनिष्ठ आकलन गर्ने र त्यसलाई योजनाको प्राथमिकताको क्षेत्रमा मध्यम अवधिको लागि बाँडफाँट गर्ने गर्दछ । यस अन्तर्गत चालु आवधिक योजना, मध्यमकालीन खर्च संरचना र वार्षिक बजेट तथा कार्यक्रमको उपलब्धिको आधारमा उत्पादन, रोजगारी, आय र लगानी लगायतका परिसूचक समावेश गरी समष्टिगत वित्तीय खाका (Medium Term Fiscal Framework - MTFF) निर्धारण गरिन्छ ।

स्थानीय आर्थिक खाका अनुसार समष्टिगत र विषय क्षेत्रगत नतिजा प्राप्त हुने गरी स्रोत तथा खर्चको अनुमान तथा प्रक्षेपण गरिन्छ । संघ तथा प्रदेशबाट स्थानीय तहलाई विभिन्न शीर्षकमा प्राप्त हुने स्रोत, आन्तरिक आय, आन्तरिक ऋण तथा अन्य स्रोत समेत आकलन तथा क्षेत्रगत प्राथमिकता अनुरूप बिषयगत शाखा र अन्तर्गतका निकायहरूसँग सम्बन्धित नीति तथा कार्यक्रम कार्यान्वयन गर्न कार्यक्रम तथा आयोजनागत रूपमा खर्चको अनुमान सहितको बजेट खाका (Medium Term Budgetary Framework - MTBF) तयार गरिन्छ ।

यो खाका तयार गर्दा बजेटको कार्यान्वयनबाट तीन वर्षमा प्राप्त हुने प्रतिफलको पनि अनुमान गरी मध्यमकालीन नतिजा खाका (Medium Term Result Framework - MTRF ) तयार गरिन्छ । मध्यमकालीन खर्च संरचनामा पहिलो आर्थिक वर्षमा बजेटको वास्तविक स्रोत र खर्चको अनुमान हुन्छ भने त्यसपछिका दुई आर्थिक वर्षका लागि स्रोत र खर्चको प्रक्षेपण गरिन्छ । पहिलो वर्षको बजेट कार्यान्वयन भएपछि उपलब्धि समीक्षा गरी बाँकी दुई वर्षको प्रक्षेपित अनुमान परिमार्जन एवम् थप एक वर्षको बजेट प्रक्षेपण गरिन्छ । यसरी

मध्यमकालीन खर्च संरचनामा चक्रीय हिसाबले प्रत्येक वर्ष तीन वर्षको बजेटको आंकलन गर्नुपर्ने हुन्छ । यसबाट मध्यमकालीन खर्च संरचनाले बजेट तर्जुमा प्रक्रियालाई बढी यथार्थपरक र बस्तुनिष्ठ बनाउन महत्वपूर्ण भूमिका खेल्दछ ।

### १.२.२ उद्देश्य

मध्यमकालिन खर्च संरचनाको मुख्य उद्देश्य उपलब्ध स्रोत साधनलाई नीति, आवधिक योजना र वार्षिक बजेट तथा कार्यक्रमबीच तालमेल गराई सार्वजनिक खर्च प्रणालीमा वित्तीय अनुशासन कायम गर्नु हो । यसका अतिरिक्त मध्यमकालीन खर्च संरचनाका उद्देश्यहरू देहायबमोजिम रहेका छन् :-

(क) आवधिक योजना र वार्षिक विकास योजनालाई बजेटसँग तादाम्यता कायम गरी स्रोत-साधनको विनियोजनलाई उपलब्धिमुलक बनाउनु,

(ख) आयोजनाहरूको प्राथमिकीकरण गर्न र प्राथमिकता प्राप्त आयोजनालाई स्रोतको सुनिश्चितता गर्नु,

(ग) स्थानीय सरकारलाई प्राप्त हुने मध्यम अवधिको आन्तरिक र बाह्य स्रोतको वास्तविक अनुमान गरी बजेट खाका तर्जुमा गर्नु,

(घ) सार्वजनिक खर्चलाई बढी प्रभावकारी र कुशल बनाई लक्षित प्रतिफल सुनिश्चित गर्नु, (ङ) बजेट अनुमानलाई यथार्थपरक बनाउनु ।

## १.३ संस्थागत व्यवस्था

मध्यमकालीन खर्च संरचना आवधिक योजना र वार्षिक बजेटबीच तादत्म्यता कायम गर्ने औजार भएकोले वार्षिक बजेट निर्माणमा यसको महत्वपूर्ण भूमिका रहन्छ । यसका लागि साँफेबगर नगरपालिकामा देहाय बमोजिमको संस्थागत व्यवस्था गरिएको थियो ।

**(क)** **स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिः** स्रोत अनुमान तथा बजेट सीमा निर्धारण गर्नका लागि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम गठित यस नगरपालिकाको स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले अगुवाई लिएको थियो । यस समितिले मुख्यतया मध्यमकालीन खर्च संरचना तर्जुमा कार्यको समग्र निर्देशन गर्ने, आगामी तीन वर्षको कुल स्रोत र खर्चको प्रक्षेपण गर्ने, प्रक्षेपित कुल स्रोत र खर्चको आधारमा विषय क्षेत्रगत खर्चको सीमा निर्धारण गर्ने, विषयक्षेत्रगत खर्चको सीमा निर्धारण र उपक्षेत्रको आधारमा चालु र पुँजीगत खर्चमा वर्गीकरण गर्ने कार्यमा बिशेष भूमिका खेलेको थियो ।

**(ख)** **मध्यमकालीन खर्च संरचना कार्यदल**: यस नगरपालिकामा मध्यमकालीन खर्च संरचना तयारीको लागि प्रत्येक क्रियाकलापमा एकाइगत लागत आकलन, नगरपालिका अन्तर्गतका शाखावीच समन्वय तथा सहजीकरण गर्ने तथा उक्त शाखाहरूको विषयगत रूपमा एकीकृत बजेट मस्यौदा तयार गर्न देहाय बमोजिमको एक कार्यदल निर्माण गरिएको थियो

(क) प्रमुख प्रशासकीय अधिकृत - संयोजक

(ख) विषयगत शाखा प्रमुखहरू - सदस्य

(ग) योजना शाखा प्रमुख - सदस्य सचिव

उपरोक्त कार्यदललाई प्राबिधिक सहजीकरण गरी मध्यमकालिन खर्च संरचनाको मस्यौदा तयारीका लागि खप्तड रिसर्च एण्ड डेभलपमेन्ट सेन्टर प्रा.लि. सँग परामर्श सेवा लिईएको थियो ।

**(ग) विषयगत योजना तर्जुमा समितिहरू:** कार्यपालिका अन्तरगत रहेका ५ वटा बिषयगत समितिमा कार्यदलबाट प्रस्तावित कार्यक्रम तथा आयोजनाहरूको त्रिवर्षीय खर्च प्रक्षेपण सहितको मध्यमकालीन खर्च संरचना र आगामी आर्थिक वर्षको बजेट उपर छलफलहरु गरिएका थिए ।

## १.४. मध्यमकालीन खर्च संरचना तर्जुमा विधि तथा प्रक्रिया

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले तयार गरेको स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७८ (परिमार्जित), स्थानीय तहको बजेट तथा कार्यक्रममा दिगो विकास लक्ष्यको साङ्केतीकरण श्रोत पुस्तिका, २०७९ र स्थानीय तहको दिगो विकास लक्ष्यमैत्री मध्यमकालीन खर्च संरचना तयार गर्न सहयोगी श्रोत पुस्तिका, २०७९ लाई आधार मानी यो दिगो विकास लक्ष्यमैत्री मध्यमकालीन खर्च संरचना तयार गरिएको छ । मध्यमकालीन खर्च संरचना तर्जुमामा निम्न बमोजिमकोचरण तथा प्रक्रिया अबलम्बन गरिएको छ :

### चरण- १: तयारी चरण

### प्रक्रिया १: प्राविधिक सहयोगका लागि टोली परिचालन

मध्यमकालीन खर्च संरचना तयारीमा सहजीकरण गर्न परिचालित हुने प्राविधिक सहयोग टोली गठन गरी अभिमूखीकरण गरियो । अभिमूखीकरणमा मध्यमकालीन खर्च संरचनाको अवधारणा, तयारी प्रक्रिया ढाँचा एवं औजारहरूको सम्बन्धमा प्राविधिक सहयोग टोलीका सदस्यहरूबीच समान बुझाइ कायम गरियो । साथै यस अभिमूखीकरण कार्यक्रममा समय सीमा, सम्पन्न गर्नुपर्ने कार्य, नगरपालिका र परामर्शदाताको जिम्मेवारी स्पष्ट गरी परिचालन गरियो ।

### प्रक्रिया २: नीतिगत, कानूनी दस्तावेज, दिग्दर्शन एवं अन्य उपयोगी सन्दर्भ सामग्री संकलन तथा समीक्षा

प्राविधिक सहयोग टोलीद्धारा स्थानीय तहको योजना, श्रोत प्रक्षेपण र सार्वजनिक वित्त व्यवस्थापनसँग सम्बन्धित नीति, कानून, दिग्दर्शन र कार्यविधि लगायतका सान्दर्भिक दस्तावेज संकलन एवं अध्ययन गरियो । दस्तावेजहरुको अध्ययनबाट मध्यमकालीन खर्च संरचना तयारीका सन्दर्भमा व्यवस्था गरिएका महत्वपूर्ण तथा सान्दर्भिक विषय वस्तुहरु पहिचान गरियो । मध्यमकालीन खर्च संरचना तर्जुमा क्रममा निम्न बमोजिम सन्दर्भमा सामाग्रीहरु अध्ययन एवं समीक्षा गरियो :

- स्थानीय सरकार सञ्चालन ऐन, २०७४
- अन्तर सरकारी वित्तव्यवस्थापन ऐन, २०७४
- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायीत्व ऐन, २०७६ तथा नियमावली, २०७७
- अन्तर-सरकारी वित्तीय हस्तान्तरण कार्यविधि

- नेपाल सरकार तथा प्रदेश सरकारको वित्तीय हस्तान्तरणको अभ्यास
- नेपाल सरकार, प्रदेश सरकार एवं सम्बन्धित स्थानीय सरकारको वित्तीय ऐनहरु
- नेपाल सरकारको क्षेत्रगत नीति, कानून, मार्गदर्शन र मापदण्ड
- स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७८ (परिमार्जित)
- स्थानीय सरकारको बजेट तथा योजना तर्जुमा हाते किताब, २०७७
- नेपाल सरकारको दीर्घकालीन सोच, पन्ध्रौं राष्ट्रिय योजना, प्रदेशका योजनाहरु
- साँफेबगर नगरपालिकाको एकीकृत नगर विकास गुरुयोजना तथा विषय क्षेत्रगत नीति र योजनाहरु
- नेपाल सरकारद्धारा जारी कोभिड १९ प्रतिकार्य एवं पुनर्लाभ सम्बन्धी निर्देशिका
- संघ तथा प्रदेशको सान्दर्भिक नीति, कानून तथा प्रतिवेदन
- साँफेबगर नगरपालिकाका सान्दर्भिक नीति, कानून तथा प्रतिवेदन आदि ।

**प्रक्रिया ३: मध्यमकालीन खर्च संरचनाको ढाँचा, औजार र कार्ययोजना तर्जुमा**

स्थानीय तहको मध्यमकालीन खर्च संरचना तयारी सम्बन्धी दिग्दर्शनमा उल्लेखित विधि, औजार एवं कार्ययोजना सम्बन्धमा नगरपालिकामा प्रारम्भिक बैठकको आयोजना गरी छलफल गरियो । यस बैठकमा नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत, विभिन्न महाशाखा/शाखाका प्रमुखहरु लगायतको उपस्थिति रहेको थियो । बैठकमा भएको छलफलका आधारमा मध्यमकालीन खर्च संरचना तयारी विधि तथा प्रक्रिया औजार र दस्तावेजको ढाँचाको प्रस्ताव तयार गरियो । साथै, बैठकमा आएका सुझाब र पृष्ठपोषणका आधारमा मध्यमकालीन खर्च संरचना तयारी कार्ययोजना तर्जुमा र परिमार्जन गरियो ।

**<u>चरण- २: लेखाजोखा चरण</u>**

**प्रक्रिया ४: अभिमूखीकरण तथा प्रारम्भिक कार्यशालाको आयोजना**

मध्यमकालीन खर्च संरचनाको तर्जु प्रक्रियाकको सम्बन्धमा साझा बुझाइ तयार गर्ने उद्देश्यले एक दिने अभिमूखीकरण कार्यक्रमकोआयोजना गरियो । उक्त कार्यक्रममा नगरपालिकाका विषयगत शाखाको कर्मचारी सहभागिता रहेको थियो । कार्यशालामा मध्यमकालीन खर्च संरचना सम्बन्धी अवधारणा, कानूनी आधार, विधि तथा प्रक्रिया औजार, संस्थागत व्यवस्था र कार्ययोजना प्रस्तुति गरी यस सम्बन्धमा स्पष्टता तथा बुझाईमा एकरुपता कायम गरियो । मध्यमकालीन खर्च संरचना तर्जुमा कार्यदल गठन तथा कार्य योजनाको स्वीकृति र यस सम्बन्धमा स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति, बजेट तथा कार्यक्रम तर्जुमा समिति, विषयगत समिति, कार्यदल र विषयगत शाखाको जिम्मेबारी तथा भूमिका समेत स्पष्ट गरियो । मध्यमकालीन खर्च संरचना तर्जुमा सम्बन्धमा गठन गरिएको कार्यदलको विवरण अनुसूची १ मा प्रस्तुत छ ।

**प्रक्रिया ५: विषयगत समिति तथा शाखाहरुसँग परामर्श तथा छलफल** : विषयगत रणनीतिक योजना, एकीकृत नगर विकास योजना र वार्षिक योजनाको उपलब्धि समीक्षाका लागि विषयगत समितिहरुसँग छलफल गरियो । यस छलफलबाट विषयगत समिति तथा शाखाका प्रमुख उपलब्धि, चालु आयोजना, सालबसाली आयोजना तथा कार्यक्रम, विस्तृत आयोजना प्रतिवेदन तयार भएका आयोजना तथा सम्भाव्यता अध्ययन र लागत अनुमान भएका आयोजना र कार्यक्रमहरुकोविवरण संकलन गरियो । सो छलफलबाट विषय क्षेत्रगत योजनाको सूची तयार र हरेक आयोजनाको उप-क्षेत्रगत रुपमा श्रोत आवश्यकता निर्धारण गरियो ।

**प्रक्रिया ६: श्रोत तथा खर्चको अनुमान र त्रिवर्षिय प्रक्षेपण**

अन्तर-सरकारी वित्तीय हस्तान्तरण, राजस्व बाँडफाँड लगायतका विभिन्न श्रोतबाट उपलब्ध हुने रकमलाई विगत आर्थिक वर्षहरुको श्रोतको उपलब्धताका आधारमा तथा आन्तरिक श्रोतलाई राजस्व सुधार कार्ययोजनाका आधारमा आगामी तीन आर्थिक वर्षको श्रोत अनुमान तथा प्रक्षेपण गरियो । विगत आर्थिक वर्षहरुको खर्च सहित नगर गौरवका आयोजना, चालु तथा बहुवर्षीय आयोजना र एकीकृत नगर विकास योजना, विषयगत क्षेत्र रणनीति र गुरुयोजना अनुसारका प्राथमिकता प्राप्त आयोजनाको कार्यान्वयनमा आवश्यक पर्ने श्रोतलाई मध्यनजर गरी खर्चको अनुमान तथा प्रक्षेपण गरियो । श्रोत तथा खर्च प्रक्षेपणका आधारमा तीन वर्षकोविषय क्षेत्र तथा उपक्षेत्रगत बजेट सीमा निर्धारण गरियो । यसरी तयार गरिएको बजेट सीमालाई सबै विषयगत महाशाखा र शाखामा क्षेत्रगत मध्यमकालीन खर्च संरचना तयारीका लागि उपलब्ध गराइयो ।

**<u>चरण - ३: तर्जुमा चरण</u>**

**प्रक्रिया ७: क्षेत्रगत योजना तर्जुमा**

विषय क्षेत्रगत मध्यमकालीन खर्च संरचना तयारीका लागि विषयगत शाखासँग छलफल तथा बैठक गरियो विषयगत महाशाखा/शाखा/एकाइका कर्मचारी तथा विषयगत समितिका पदाधिकारीहरुको सहभागिता रहेको छलफलबाट प्रत्येक उप-क्षेत्रका आगामी तीन वर्ष सञ्चालन गरिने आयोजना तथा कार्यक्रको पहिचान गर्ने, प्राथमिकता निर्धारण गर्ने, लागत अनुमान यकिन गर्ने र आगामी तीन आर्थिक वर्षको लागि स्रोत आवश्यकता निर्धारण गर्नुका साथैस्थानीय रणनीतिक स्तम्भ, प्राथमिकताक्रम, दिगो विकास लक्ष्य, लैंगिक तथा जलवायु संकेतका आधारमा कार्यक्रम तथा आयोजना तथा उप-क्षेत्रको सांकेतीकरण गरियो ।

**प्रक्रिया ८: विषय क्षेत्रगत मध्यमकालीन खर्च संरचनाको दस्तावेज तयारी**

उपलब्ध बजेट सीमा तथा मार्गदर्शनका आधारमा विषयगत महाशाखा/शाखा/एकाइ सगं छलफल गरी उप- क्षेत्रगत मध्यमकालीन खर्च संरचनाको मस्यौदा तयार गरियो । यसरी तयार गरिएको उप-क्षेत्रगत मध्यमकालीन खर्च संरचनालाई एकीकृत गरी विषयगत क्षेत्र मध्यमकालीन खर्च संरचना तयार गरियो ।

**प्रक्रिया ९: मध्यमकालीन खर्च संरचनाको मस्यौदा तयारी**

निर्धारित ढाँचामा विषयगत क्षेत्रका मध्यमकालीन खर्च संरचनालाई एकीकृत गरी मध्यमकालीन खर्च संरचनाको एकीकृत मस्यौदा दस्तावेज तयार गरियो । यस क्रममा मध्यमकालीन खर्च संरचना तर्जुमा

कार्यदल र बजेट तथा कार्यक्रम तर्जुमा समितिसँग राय परामर्श गरियो । त्यसैगरी मध्यमकालीन खर्च संरचना तर्जुमाका क्रममा एकीकृत नगर विकास योजना, विषयगत क्षेत्र मध्यमकालीन खर्च संरचनाको विवरण, विषयगत क्षेत्र योजना र वार्षिक विकास कार्यक्रम समीक्षाबाट प्राप्त उपलब्धि विवरण तथा क्षेत्रगत रणनीतिक र गुरुयोजनाको परिमाणात्मक लक्ष्यलाई आधार लिइएको थियो । यस दस्तावेजमा स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७८ (परिमार्जित) को व्यवस्था बमोजिम समष्टिगत मध्यमकालीन वित्तीय खाका, मध्यमकालीन नतिजा खाका र मध्यमकालीन बजेट खाका साथै विषयत क्षेत्रको स्थिति, नतिजा खाका, वित्तीय योजना र कार्यक्रम/आयोजनाको शारांस तयार गरि प्रस्तुत गरिएको छ ।

**चरण ४: स्वीकृति चरण**

प्रक्रिया १०: मध्यमकालीन खर्च संरचनाको मस्यौदा प्रस्तुति, छलफल तथा सुझाव संकलन उल्लिखित विधि प्रक्रियाबाट तयार गरिएको मस्यौदा दस्तावेज प्रस्तुति तथा छलफल गरि आवश्यक सुझाव संकलन गर्ने उद्देश्यले नगरपालिकामा अन्तरक्रिया कार्यक्रम गरिएको थियो । उक्त कार्यक्रममा प्रमुख प्रशासकीय अधिकृत, महाशाखा तथा शाखा प्रमुखहरु तथा सम्बद्ध अन्य कर्मचारीहरुको सहभागिता थियो । उक्त कार्यक्रममा मस्यौदा प्रतिवेदनका मुख्य पक्षहरुमा प्रस्तुति तथा छलफल गरी आवश्यक थप सूचना तथा तथ्यांक संकलनका साथै विषयगत क्षेत्र तथा उपक्षेत्रगत मुख्य कार्यक्रम तथा आयोजनाहरुको विस्तृत विवरण तयार गरियो । त्यसैगरी विषय उपक्षेत्रगत कार्यक्रम तथा आयोजनाहरुको प्राथमिकिकरण तथा सांकेतीकरणलाई समेत अन्तिम रुप प्रदान गरियो ।

**प्रक्रिया ११: मध्यमकालीन खर्च संरचनाको अन्तिम मस्यौदा तयारी**

मस्यौदा प्रस्तुती तथा छलफल कार्यक्रमका साथै विभिन्न महाशाखा/शाखाहरुबाट प्राप्त सुझावहरु तथा दस्तावेजमा अपुग भएका आवश्यक सूचना तथा तथ्यांकहरु विभिन्न शाखाहरुबाट संकलन तथा समावेश गरी मध्यमकालीन खर्च संरचनाको यो अन्तिम मस्यौदा तयार गरिएको छ ।

**प्रक्रिया १२: मध्यमकालीन खर्च संरचनाको स्वीकृति** उपरोक्त चरण र प्रक्रिया अनुसार तयार भई बजेट तथा कार्यक्रम तर्जुमा समितिबाट पेश भएको मध्यमकालीन खर्च संरचना उपर कार्यपालिकामा आवश्यक छलफल र स्वीकृति पश्चात अनुमोदनका निमित्त नगर सभामा पेश गरी स्वीकृत गरियो ।

# परिच्छेद २ : मध्यमकालीन खर्च संरचना

## २.१ पृष्ठभूमि

नेपालको संविधानले तोकेका निर्देशक सिद्वान्त तथा नीतिहरुले निर्दिष्ट गरेका लक्ष्यहरु तथा स्थानीय तहलाई प्राप्त अधिकारको परिधि भित्र रही स्थानीय सरकारले आफ्नो कार्यक्षेत्र भित्र ऐन कानुहरु तर्जुमा गर्ने निति बनाउने र आयोजनाहरु छनोट गर्ने बजेट तर्जुमा गरी आयोजनाहरुमा रकम विनियोजन गर्ने लगायतका अधिकारहरु प्राप्त भएका छन् । उल्लेखित अधिकारहरुको अधिनमा रही नगरपालिकाले आफ्नो कार्यक्षेत्रभित्र आवधिक योजना तर्जुमा गर्ने वार्षिक बजेट तयार गर्ने तथा वार्षिक बजेट र आवधिक योजनाको तादात्म्यता मिलाउन मध्यकालीन खर्च संचरना तयार गर्नुपर्ने कुरालाई आत्मसात गर्दै  यो मध्ययमकालिन खर्च संरचना तयार गरिएको छ ।

नगरपालिकाको समग्र विकासको लागि दिर्घकालिन सोच सहित वार्षिक एवम् वहुवर्षीय आयोजनाहरु कार्यान्वयन गर्न आवश्यक छ । यसरी कार्यान्वयमा ल्याउनु यर्ने योजनाहरुको छनौट भने टोल वस्ती स्तरबाट सहभागीमुलक रुपमा छनौट गर्नु पर्दछ । योजना कार्यान्वयन गर्नका लागि आवश्यक बित्तिय स्रोतको व्यवस्थापन नगरपालिकाको आन्तरीक स्रोत, संघ प्रदेशबाट प्राप्त हुने राजश्व बाँडफाट सहित बिभिन्न अनुदानहरुबाट गर्नु पर्ने हुन्छ ।

सन् २०२० को सुरुवात सँगै देखिएको कोभिड-१९ ले राष्ट्रि तथा अन्तर्राष्ट्रिय अर्थतन्त्रमा पार्ने प्रभावको कारण उत्पादन मूलक क्षेत्रमा परेको असरले राष्ट्रिय आम्दानी घट्ने सम्भावना रहेकोले नगरपालिकाले प्राप्त गर्ने विभिन्न प्रकारका अनुदानहरु कटौती हुने सम्भावना छ । जसको कारण मध्यमकालिन खर्च संरचनामा अनुमान गरिएको स्रोत नपुग भई आयोजना प्रभावित हुने सम्भावना रहेको छ । प्रत्येक वर्ष वार्षिक बजेट सँग सँगै मध्यमकालीन खर्च संरचना तयार गर्न स्थानीय तहमा संस्थागत र जनशक्तिगत व्यवस्थाको अभावले चुनौती थपिने सम्भावना रहेकोछ ।

बिभिन्न अवसर, चुनौति र सम्भावनाका बिचमा यस नगरपालिकाले आफ्नो आवाधिक योजनाले अपेक्षा गरेको नतिजा प्राप्तिका लागि यो मध्यमकालिन खर्च संरचना निर्माण गरेको छ ।

## २.२ सोच, उद्देश्य तथा रणनीति

### २.२.१. दीर्घकालिन सोच

सुन्दर समृद्ध साँफेबगरः बनाऔं राष्ट्रकै नमूना नगर

### २.२.२. लक्ष्य

साँफेबगर नगरपालिकाको समष्टिगत विकासका लागि "**साँफेवगरबासीको आय, रोजगारी तथा जीवनस्तरमा गुणात्मक सुधार गर्ने** " मुख्य लक्ष्य निर्धारण गरिएको छ ।

### २.२.३ उद्देश्य

(क) कृषि, पशुजन्य र औद्योगिक उत्पादन एवम् उत्पादनशील सेवा सुविधाको उपलब्धता, गुणस्तर र उपयोगमा बृद्धि गर्ने ।

(ख) स्थानीय स्वास्थ्य, शिक्षा र सामाजिक सुरक्षा सेवाको उपलब्धता, गुणस्तर र उपयोगमा बृद्धि गर्ने ।

(ग) अन्तरसम्वन्ध विकास र सेवा सुविधाको स्तर र पहुँच बृद्धि गर्ने ।

(घ) वन, जैविक विविधता, जल र जमीनको दीगो संरक्षण र उपयोग गर्ने ।

(ङ) नगरपालिका र स्थानीय सरोकारवालाको कार्य सम्पादन र सेवा प्रवाहको स्तर बृद्धि गर्ने ।

### २.२.४ प्राथमिकता तथा रणनीतिहरु

नगरपालिका क्षेत्रको समिष्टगत विकासकालागि आवधिक योजनाले देहायअनुसारका विषय क्षेत्रलाई विशेष प्राथमिकता दिई विकास प्रयासलाई संचालन गर्ने रणनीति अवलम्बन गरिने छः

- कृषि, पर्यटन तथा पशुजन्य उपजको व्यवसायीकरण, विविधिकरण तथा उद्योग व्यवसायको सिर्जना र विकासद्धारा दीगो रोजगारी, आय तथा खाद्य सुरक्षामा बृद्धी गर्ने
- गुणस्तरीय र व्यवसायिक शिक्षा, आधारभूत स्वास्थ्य, स्वच्छ खानेपानी, सामाजिक सुरक्षा तथा सशक्तिकरणद्धारा स्वथ्य, सिर्जनशिल र सीपयुक्त मानव संशाधनको विकास गर्ने
- व्यवस्थित यातायात तथा बजार, आवास, स्वच्छ उर्जा तथा संचारका पुर्वाधारको विकासद्वारा अन्तरसम्वन्ध विकास र सेवा सुविधास्तर र पहुँच बृद्धि गर्ने
- वातावरण तथा विपद व्यवस्थापन, जलवायु परिवर्तन अनुकुलन, समावेशीकरण, सुशासन तथा सदाचार प्रवर्धनलाई स्थानीय तहको विकास प्रक्रियामा एकीकृत गरी विकास नतिजालाई समावेशी, उत्थानशील र दीगो बनाउने

## २.३ मध्यमकालीन आर्थिक खाका

राष्ट्रिय सोच तथा संकल्प “समृद्ध नेपाल र सुखी नेपाली” र साँफेबगर नगरपालिकाको सोच “सुन्दर समृद्ध साँफेबगरः बनाऔं राष्ट्रकै नमूना नगर” तथा नगर विकासको लक्ष्य अनुरुप आगामी तीन आर्थिक वर्षको मध्यमकालीन खर्च संरचनाको प्रमुख लक्ष्य तथा नतिजा सूचक निर्धारण गरिएको छ । सोअनुसार ३ वर्षको समष्टिगत आर्थिक लक्ष्य तालिका नं. २.१ मा प्रस्तुत गरिएको छ :

***तालिका २.१ : मध्यमकालीन समष्टिगत आर्थिक खाका तथा लक्ष्य***

| क्र स | सूचक | एकाई | गत आ व को उपलब्धी | चालु आ ब को अनुमानित उपलब्धि | मध्यकालिन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | आ.व.२०७९।८० को अनुमान | आ.व.२०८०।८१ को प्रक्षेपण | आ.व.२०८१।८२ को प्रक्षेपण |
| १ | बार्षिक उत्पादन | रु लाखमा | ४७८३ | ५०२२ | ५२७३ | ५५३७ | ५८१४ |
| १.१ | कृषि | रु लाखमा | २४८७ | २६१२ | २७४२ | २८७९ | ३०२३ |
| १.२ | गैर कृषि (उद्योग र सेवा) | रु लाखमा | २२९६ | २४११ | २५३१ | २६५८ | २७९१ |
| २ | औषत पारिवारिक आय | रु लाखमा | १.२० | १.२२ | १.२३ | १.२४ | १.२५ |

| क्र स | सूचक | एकाई | गत आ व को उपलब्धी | चालु आ ब को अनुमानित उपलब्धि | मध्यकालिन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | आ.व.२०७९।८० को अनुमान | आ.व.२०८०।८१ को प्रक्षेपण | आ.व.२०८१।८२ को प्रक्षेपण |
| ३ | उद्योग, व्यापार र व्यावसाय संख्या | सख्या | १२५ | १४० | १७० | २०० | २१० |
| ४ | औपचारिक क्षेत्रमा रोजगारी सिर्जना | कार्यदिन | ४२५०० | ४६७५० | ५१४२५ | ५६५६८ | ६२२२४ |
| ५ | आधारभूत खाद्य सुरक्षाको स्थितिमा रहेका परिवार | प्रतिसत | २७.६७ | ३०.४४ | ३३.४८ | ३५.१५ | ३६.५६ |

*स्रोत: नगर विकास योजना २०७५-०८०*

## २.४ मध्यमकालीन नतिजा खाका

नेपाल सरकारको पन्धौ योजना, सुदूरपश्चिम प्रदेशको प्रथम आवधिक योजना तथा नगरपालिकाको वर्तमान एकीकृत नगर विकास योजनाले लिएको समष्टिगत तथा विषयगत अपेक्षित उपलब्धि हासिल गर्न सहयोग पुग्ने गरी आगामी तीन आर्थिक वर्षको समष्टिगत नतिजा खाका निर्धारण गरिएको छ । यो खाका विगत आर्थिक वर्षहरुको उपलब्धि र चालु आर्थिक वर्ष २०७९/८० को अनुमानित उपलब्धिको आधारमा आगामी आ.व. २०८०/८१ को लक्ष्य निर्धारण गरिएको छ । नतिजा खाकाको दोश्रो र तेश्रो वर्षको लक्ष्य वर्तमान आवधिक योजना र विगत वर्षहरुको उपलब्धिको आधारमा निर्धारण गरिएको छ । मध्यमकालीन समष्टिगत नतिजा खाका तालिका २.२ मा प्रस्तुत गरिएको छ :

***तालिका २.२ : प्रमुख विषय क्षेत्रगत सूचक तथा मध्यमकालीन नतिजा खाका***

| क्र स | सूचक | एकाई | गत आ.ब.को यथार्त उपलब्धी | चालु आ. ब.को अनुमान | मध्यकालिन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ |
| १ | बार्षिक आम्दानी रु. ५० हजारभन्दा कम हुने परिवार | प्रतिशत | १८ | १० | ५ | ४ | ३ |
| २ | आफ्नो उत्पादन र आम्दानीबाट वर्षभरी खान पुग्ने परिवार | प्रतिशत | २७ | ३५ | ४५ | ५० | ५५ |
| ३ | खाद्यान्न उत्पादन (वासलात) धान चामल | मे.टन | ३९९५ | ५००० | ६००० | ६५०० | ७००० |
| ४ | प्रति व्यक्ति खाद्यान्न उत्पादन वार्षिक | केजि | १०४ | २०० | ३०० | ४०० | ४५० |
| ५ | आम्दानीको २/३ तिहाईभन्दा बढी रकम खानामा खर्च गर्ने जनसंख्या | प्रतिशत | ३० | २५ | १८ | १७ | १६ |
| ६ | साना किसान तथा उत्पादकको औषत वार्षिक आय | रु. | ५०,१८६ | १००,००० | १५०,००० | १६०००० | १६५००० |
| ७ | जमीनको उत्पादकत्व प्रति हेक्टर ( वार्षिक औषत कुल कृषि उत्पादन) | रु. | १७४,८२२ | २२५,००० | २५०,००० | २५५०० | २६०००० |
| ८ | वैदेशिक रोजगारीमा गएकाको संख्या | संख्या | २०१ | १७५ | १५० | १४५ | १४० |
| ९ | स्नातक तह उतीर्ण जनसंख्या | जना | १६३६ | २००० | २५०० | ३००० | ५४०० |
| १० | व्यवसायिक प्राविधिक सीपयुक्त दक्ष व्यक्ति | जना | ११ | ५५ | १०० | २५० | २०० |

| क्र स | सूचक | एकाई | गत आ.ब.को यथार्त उपलब्धी | चालु आ. ब.को अनुमान | मध्यकालिन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ |
| ११ | कम तौल भएका ५ बर्षमूनीका बालबालिका | प्रतिशत | ११ | ९ | ७ | ६ | ५ |
| १२ | मापदण्डअनुसार बनेका आवास घर | संख्या | ३ | | २०० | २५0 | ३०० |
| १३ | पक्की सडकमा पुग्न लाग्ने औषत समय | घण्टा | ४ | २ | १ | ०।५ | ०।५ |
| १४ | रुख विरुवाले ढाकेको वा हरियाली क्षेत्र | हेक्टर | ३०५६ | ४०५६ | ५०५६ | ६००० | ६१०० |
| १५ | नगरपालिकाकाको नीति, कानून निर्णय र सेवा प्रवाहबाट सन्तुष्ट सेवाग्राही | प्रतिशत | ७० | ८५ | ९० | ९२ | ९५ |
| १६ | बैंक र बजार केन्द्रमा पुग्न लाग्ने औषत समय | घण्टा | ५ | २ | १ | ०।५ | ०।५ |

*स्रोतः नगर विकास योजना २०७५-०८०*

## २.५ मध्यमकालीन बजेट खाका

एकीकृत नगर विकास योजनाकोसोच, लक्ष्य, उद्देश्य, रणनीति र प्राथमिकता, वार्षिक नीति तथा कार्यक्रम, दिगो विकास लक्ष्यको मार्गचित्र, क्रमागत एवम् विस्तृत अध्ययन भएका आयोजना तथा कार्यक्रम, स्थानीय प्राथमिकता, विनियोजन कुशलता, अनुमान योग्यता र वित्तीय सुशासनलाई मुख्य आधार लिई नगरपालिकाको त्रिवर्षीय बजेट खाका तयार गरिएको छ । मध्यमकालीन खर्च संरचनामा वित्तीय सङ्घीयताको कार्यान्वयन, स्थानीय आर्थिक स्थायित्व र रोजगारी, सामाजिक तथा आर्थिक विकास र सन्तुलित विकासका लागि विकास आयोजना तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयनमा जोड दिइएको छ ।

माथि उल्लिखित समष्टिगत नतिजा खाका तथा विषय क्षेत्रगत नतिजा प्राप्त गर्नका लागि आवश्यक हुने खर्च तथा स्रोतको अनुमान गरिएको छ । विभिन्न खालको विपद्, जलवायु परिवर्तनजन्य विपद्पश्चातको सामाजिक आर्थिक पुनरुत्थानलाई प्राथमिकता दिइएको छ । विपद्ले सिर्जना गरेका विकासका अवसरहरुको उपयोग गर्ने खालका विकास कार्यक्रमको तर्जुमालाई प्राथमिता दिइएको छ । नगर गौरवका आयोजना, चालु तथा विस्तृत अध्ययन भएका, तुलनात्मक लाभका आयोजना तथा कार्यक्रमका लागि आवश्यक रकम सुनिश्चित (Earmark) हुने गरी बजेट सीमा र सोको आधारमा विषयगत बजेट खाका तर्जुमा गरिएको छ । क्रमागत कार्यक्रम, आयोजना कार्यान्वयनको अवस्था र आगामी कार्यान्वयन योजनाको आधारमा खर्च गर्न सक्ने क्षमता तथा स्रोतको आवश्यकता एवम् उपलब्धतालाई मध्यनजर गरिएको छ ।

मध्यमकालीन स्रोत अनुमान गर्दा आन्तरिक आय तथा राजस्व परिचालनको विगत प्रवृत्ति, कोभिड १९ महामारी र अन्य विपद्बाट स्रोत परिचालनमा परेको चाप र आगामी वर्षहरुमा पर्न सक्ने असर तथा प्रभाव, स्रोतको आवश्यकता लगायतका पक्षहरुलाई पनि ध्यान दिइएको छ। पहिलो वर्षको खर्च संरचनाको राजस्व तथा खर्च अनुमान गर्दा आर्थिक वर्ष २०८०/८१ को बजेट राजश्व तथा विनियोजनका आधारमा गरिएको छ भने दोस्रो र तेस्रो वर्षको प्रक्षेपण गर्दा नगरपालिकाको एकीकृत नगर विकास योजनामा उल्लेख गरेको आवधिक लक्ष्य, घोषित कार्यक्रम र सो अनुसार संचालन हुने कार्यक्रम तथा हासिल गर्ने नतिजालाई प्रमुख आधार मानिएको छ । प्रक्षेपणका क्रममा नगरपालिकाको प्राथमिकताका क्षेत्र तथा रणनीतिक महत्वका आयोजना तथा कार्यक्रमलाई प्रर्याप्त स्रोत व्यवस्था गरिएको छ। आगामी आ.व.हरुका लागि स्रोत अनुमान तथा प्रक्षेपण गर्दा विगत आ.व.हरुको स्रोत संकलन, चालु आ.व.को अनुमान तथा जेठ मसान्तसम्मको संकलन, नेपाल सरकार

तथा प्रदेश सरकारबाट प्राप्त अनुदानका सिलिङ्ग तथा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले सिफारिस गरेका रोयल्टी तथा राजस्व बाँडफाँटका दस्तावेजहरुलाई मुख्य आधारका रुपमा लिईएको छ ।

नगरपालिकाको आगामी तीन वर्षको अवधिमा कुल बजेट रु. २ अर्ब ७८ करोड २८ लाख ४२ हजार (प्रचलित मूल्यमा) रहने प्रक्षेपण गरिएको छ। स्रोत परिचालनतर्फ आन्तरिक आयबाट रु. ३१ करोड ३१ लाख ९४ हजार (११.२१ प्रतिशत), राजस्व बाँडफाटबाट रु. २१ करोड ६० लाख २४ हजार (७ प्रतिशत) र नेपाल सरकारको वित्तीय हस्तान्तरणबाट रु. २ अर्ब ३८ करोड ६० लाख (७३ प्रतिशत) व्यहोरिने प्रक्षेपण गरिएको छ । यस सम्बन्धी विवरण तालिका २.३ मा उल्लेख गरिएको छ :

**तालिका २.३ : त्रिवर्षीय बजेट विनियोजन र प्रक्षेपण** *(रकम रु. हजारमा)*

| क्र. सं. | विवरण | गत आ.व. को यथार्थ | चालु आ.व.को संशोधित अनुमान | मध्यमकालीन बजेट अनुमान र प्रक्षेपण | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | आ.व.२०८०।०८१ को अनुमान | आ.व.२०८१।०८२ को प्रक्षेपण | आ.व.२०८२।८३ को प्रक्षेपण | तीन वर्षको कुल |
| **१** | **खर्च अनुमान** | | ७६४३०७ | ८४०७३८ | ९२४८११ | १०१७२९३ | २७८२८४२ |
| | चालु खर्च | ४३८९९५ | ५१९९५८ | ५४६४८० | ५८२६३१ | ६१०३७६ | १७३९४८६ |
| | पुँजीगत खर्च | २०६२०६ | २४४३४९ | २९४२५८ | ३४२१८० | ४०६९१७ | १०४३३५५ |
| | वित्तीय व्यवस्था | | | ० | ० | ० | ० |
| | **कुल** | **६४५२०१** | **७६४३०७** | **८४०७३८** | **९२४८११** | **१०१७२९३** | **२७८२८४२** |
| **२** | **आय अनुमान** | | | ० | ० | ० | ० |
| २.१ | आन्तरिक आय | २४८०० | ८५७४४ | ९४३१८ | १०३७५० | ११४१२५ | ३१२१९४ |
| २.२ | राजस्व बाँडफाँटबाट प्राप्त रकम | | | ० | ० | ० | ० |
| | क. नेपाल सरकार | ९५४४८ | ११५६२४ | १२७१८६ | १३९९०५ | १५३८९६ | ४२०९८७ |
| | ख. प्रदेश सरकार | ३६०४ | ३०३८ | ३३४२ | ३६७६ | ४०४४ | ११०६१ |
| २.३ | रोयल्टी बाँडफाँट | | | ० | ० | ० | ० |
| | क. वन रोयल्टी | | | ० | ० | ० | ० |
| | ख. खानी रोयल्टी | | | ० | ० | ० | ० |
| | ग. विद्युत रोयल्टी | | | ० | ० | ० | ० |
| | घ. पर्वतारोहण रोयल्टी | | | ० | ० | ० | ० |
| | ङ. पानी तथा अन्य रोयल्टी | | | ० | ० | ० | ० |
| २.४ | नेपाल सरकार वित्तीय हस्तान्तरण | | | ० | ० | ० | ० |
| | क. वित्तीय समानीकरण अनुदान | ११७८०० | १२४३०० | १३६७३० | १५०४०३ | १६५४४३ | ४५२५७६ |
| | ख. सशर्त अनुदान | ३६५९०० | ४०३९०० | ४४४२९० | ४८८७१९ | ५३७५९१ | १४७०६०० |
| | ग. समपूरक अनुदान | ४२०० | ४००० | ४४०० | ४८४० | ५३२४ | १४५६४ |
| | घ. विशेष अनुदान | १६१०० | १४००० | १५४०० | १६९४० | १८६३४ | ५०९७४ |
| २.५ | प्रदेश सरकार वित्तीय हस्तान्तरण | | | ० | ० | ० | ० |
| | क. वित्तीय समानीकरण अनुदान | ८३४९ | ८८०१ | ९६८१ | १०६४९ | ११७१४ | ३२०४४ |

| क्र. सं. | विवरण | गत आ.व. को यथार्थ | चालु आ.व.को संशोधित अनुमान | मध्यमकालीन बजेट अनुमान र प्रक्षेपण | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | आ.व.२०८०।०८१ को अनुमान | आ.व.२०८१।०८२ को प्रक्षेपण | आ.व.२०८२।८३ को प्रक्षेपण | तीन वर्षको कुल |
| | ख. सशर्त अनुदान | | | ० | ० | ० | ० |
| | ग. समपूरक अनुदान | ४००० | २४०० | २६४० | २९०४ | ३१९४ | ८७३८ |
| | घ. विशेष अनुदान | ५००० | २५०० | २७५० | ३०२५ | ३३२८ | ९१०३ |
| २.६ | आन्तरिक ऋण | | | ० | ० | ० | ० |
| २.७ | अन्य अनुदान (संघ, जिल्ला समन्वय, लगायत अरु) | | | ० | ० | ० | ० |
| २.८ | जनसहभागिता | | | ० | ० | ० | ० |
| २.९ | अन्तर स्थानीय तह साझेदारी रकम | | | ० | ० | ० | ० |
| २.१० | मौज्दात रकम | | | ० | ० | ० | ० |
| | **कुल** | **६४५२०१** | **७६४३०७** | **८४०७३८** | **९२४८११** | **१०१७२९३** | **२७८२८४२** |

## २.६ बजेट विनियोजन र प्रक्षेपणको बाँडफाँट

आगामी तीन वर्षको बजेट अनुमान र प्रक्षेपणको विभिन्न आधारमा गरिएको तुलनात्मक विवरण देहाय बमोजिम रहेको छ ।

### २.६.१ रणनीतिक स्तम्भको आधारमा तीन आर्थिक बर्षको अनुमान तथा प्रक्षेपण

**तालिका २.४.रणनीतिक स्तम्भको आधारमा तीन आर्थिक बर्षको अनुमान तथा प्रक्षेपण** *(रु हजारमा)*

| रणनीतिक संकेत | रणनीतिक स्तम्भ | गत आ.ब.को यर्थात | | चालु आ.ब को संशोधित अनुमान | | आगामी २०८०/०८१आ.ब.को बिनियोजन | | आ.ब.२०८१/०८२ को खर्च प्रक्षेपण | | आ.ब.२०८२/०८३ को खर्च प्रक्षेपण | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | रकम | प्रतिसत | रकम | प्रतिसत | रकम | प्रतिसत | रकम | प्रतिसत | रकम | प्रतिसत |
| १ | कृषि, पशुजन्य र औद्योगिक उत्पादन एवम् उत्पादनशील सेवा सुविधाको उपलब्धता, गुणस्तर र उपयोगमा बृद्धि गर्ने। | १११८७४ | १७.३४ | ५३५०१ | ७.०० | ६७२५९ | ८.०० | ८३२३३ | ९.०० | १०१७२९ | १०.०० |
| २ | स्थानीय स्वास्थ्य, शिक्षा र सामाजिक सुरक्षा सेवाको उपलब्धता, गुणस्तर र उपयोगमा बृद्धि गर्ने। | २०४३५४ | ३१.६७ | ४१२७२६ | ५४.०० | ४३७१८४ | ५२.०० | ४७१६५४ | ५१.०० | ५०८६४६ | ५०.०० |
| ३ | अन्तरसम्वन्ध विकास र सेवा सुविधाको स्तर र पहुँच बृद्धि गर्ने। | १८१७४९ | २८.१७ | २२९२९२ | ३०.०० | २६०६२९ | ३१.०० | ३१४४३६ | ३४.०० | ३५६०५२ | ३५.०० |
| ४ | वन, जैविक विविधता, जल र जमीनको दीगो संरक्षण र उपयोग गर्ने। | १४८६७ | २.३० | २२९२९ | ३.०० | २५२२२ | ३.०० | १८४९६ | २.०० | ३०५१९ | ३.०० |
| ५ | नगरपालिका र स्थानीय सरोकारवालाको कार्य सम्पादन र सेवा प्रवाहको स्तर बृद्धि गर्ने | १३२३५७ | २०.५१ | ४५८५८ | ६.०० | ५०४४४ | ६.०० | ३६९९२ | ४.०० | २०३४६ | २.०० |
| | जम्मा | ६४५२०१ | १०० | ७६४३०७ | १०० | ८४०७३८ | १०० | ९२४८११ | १०० | १०१७२९३ | १०० |

### २.६.२ प्राथमिकताक्रमको आधारमा तीन आर्थिक बर्षको बजेट अनुमान तथा प्रक्षेपण

**तालिका २.५. प्राथमिकताक्रमको आधारमा तीन आर्थिक बर्षको बजेट अनुमान तथा प्रक्षेपण**

| प्राथमिकताक्रम | आयोजना संख्या | गत आ.ब.को यर्थात | | चालु आ.ब. को संशोधित अनुमान | | आगामी २०८०/०८१आ.ब.को बिनियोजन | | आ.ब.२०८१/०८२ को खर्च प्रक्षेपण | | आ.ब.२०८२/०८३ को खर्च प्रक्षेपण | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | रकम | प्रतिसत | रकम | प्रतिसत | रकम | प्रतिसत | रकम | प्रतिसत | रकम | प्रतिसत |
| पहिलो (P1) | | २९०३४० | ४५ | ५७३२३० | ७५ | ४१६१६५ | ४५ | ४५७७८२ | ४५ | २०८७१३१ | ७५ |
| दोस्रो (P2) | | ३२२६०१ | ५० | १५२८६१ | २० | ४६२४०६ | ५० | ५०८६४६ | ५० | ५५६५६८ | २० |
| तेस्रो (P3) | | ३२२६० | ५ | ३८२१५ | ५ | ४६२४१ | ५ | ५०८६५ | ५ | १३९१४२ | ५ |
| **जम्मा** | | **६४५२०१** | **१००** | **७६४३०७** | **१००** | **९२४८११** | **१००** | **१०१७२९३** | **१००** | **२७८२८४२** | **१००** |

## २.६.३ दिगो विकास लक्ष्यको आधारमा तीन आर्थिक बर्षको बजेट अनुमान तथा प्रक्षेपण

**तालिका २.६. दिगो विकास लक्ष्यको आधारमा तीन आर्थिक बर्षको बजेट अनुमान तथा प्रक्षेपण** *(रु हजारमा)*

| संकेत नं. | दिगो विकास लक्ष्य | गत आ.ब.को यर्थात | | चालु आ.ब. को संशोधित अनुमान | | आगामी २०८०/०८१आ.ब.को बिनियोजन | | आ.ब.२०८१/०८२ को खर्च प्रक्षेपण | | आ.ब.२०८२/०८३ को खर्च प्रक्षेपण | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | रकम | प्रतिसत | रकम | प्रतिसत | रकम | प्रतिसत | रकम | प्रतिसत | रकम | प्रतिसत |
| १ | गरिबीको अन्त्य | २४१५९ | ३.७४ | १९९४८ | २.६१ | २४१३८ | २.६१ | २६५५१ | २.६१ | ७२६३२ | २.६१ |
| २ | शुन्य भोकमरी | ७४३३५ | ११.५२ | १२४२७६ | १६.२६ | १५०३७४ | १६.२६ | १६५४१२ | १६.२६ | ४५२४९० | १६.२६ |
| ३ | स्वस्थ जीवन | ५९४७ | ०.९२ | ८५०६७ | ११.१३ | १०२९३२ | ११.१३ | ११३२२५ | ११.१३ | ३०९७३० | ११.१३ |
| ४ | गुणस्तरीय शिक्षा | ५८७२५ | ९.१ | १५२४७९ | १९.९५ | १८४५०० | १९.९५ | २०२९५० | १९.९५ | ५५५१७७ | १९.९५ |
| ५ | लैंगिक समानता | ० | ०. | ९१७२ | १.२ | ११०९८ | १.२ | १२२०८ | १.२ | ३३३९४ | १.२ |
| ६ | स्वच्छ पानी र सरसफाई | १३९६८३ | २१.६५ | ३३४०० | ४.३७ | ४०४१४ | ४.३७ | ४४४५६ | ४.३७ | १२१६१० | ४.३७ |
| ७ | आधुनिक उर्जामा पहुँच | ० | ०. | २५६८१ | ३.३६ | ३१०७४ | ३.३६ | ३४१८१ | ३.३६ | ९३५०३ | ३.३६ |
| ८ | समावेशी आर्थिक वृद्धि र मर्यादित काम | ० | ०. | १५६६८ | २.०५ | १८९५९ | २.०५ | २०८५४ | २.०५ | ५७०४८ | २.०५ |
| ९ | उद्योग नविन खोज र पूर्वाधार | १११९३१ | १७.२२ | १७५४०८ | २२.९५ | २१२२४४ | २२.९५ | २३३४६९ | २२.९५ | ६३८६६२ | २२.९५ |
| १० | असमानता न्यूनीकरण | ० | ०. | ३३६३ | ०.४४ | ४०६९ | ०.४४ | ४४७६ | ०.४४ | १२२४५ | ०.४४ |
| ११ | दिगो शहर र बस्ती | ८३९९८ | १३.०२ | ४७२३४ | ६.१८ | ५७१५३ | ६.१८ | ६२८६९ | ६.१८ | १७१९८० | ६.१८ |
| १२ | दिगो उपभोग र उत्पादन | ० | ०. | ७६४३ | १. | ९२४८ | १. | १०१७३ | १. | २७८२८ | १. |
| १३ | जलवायु परिवर्तन अनुकूलन | ० | ०. | ४३५७ | ०.५७ | ५२७१ | ०.५७ | ५७९९ | ०.५७ | १५८६२ | ०.५७ |
| १४ | सामुद्रिक स्रोतको उपयोग | ० | ०. | ० | ०. | ० | ०. | ० | ०. | ० | ०. |
| १५ | भूसतह स्रोतको उपयोग | १४८६७ | २.३ | १८०३८ | २.३६ | २१८२६ | २.३६ | २४००८ | २.३६ | ६५६७५ | २.३६ |
| १६ | शान्ति, न्याय र सबल संस्था | १३२३५७ | २०.५१ | ४१४२५ | ५.४२ | ५०१२५ | ५.४२ | ५५१३७ | ५.४२ | १५०८३० | ५.४२ |
| १७ | दिगो विकासको लागि साझेदार | ० | ०. | ११४६ | ०.१५ | १३८७ | ०.१५ | १५२६ | ०.१५ | ४१७४ | ०.१५ |
| **कुल जम्मा** | | **६४५२०१** | **१००.** | **७६४३०७** | **१००.** | **९२४८११** | **१००.** | **१०१७२९३** | **१००.** | **२७८२८४१.७९** | |

## २.६.४ लैंगिक संकेतको आधारमा तीन आर्थिक बर्षको बजेट अनुमान तथा प्रक्षेपण

**तालिका २.७. लैंगिक संकेतको आधारमा तीन आर्थिक बर्षको बजेट अनुमान तथा प्रक्षेपण** *(रु हजारमा)*

| संकेत नं. | लैंगिक संकेत | गत आ.ब.को यर्थात | | चालु आ.ब. को संशोधित अनुमान | | आगामी २०८०/०८१आ.ब.को बिनियोजन | | आ.ब.२०८१/०८२ को खर्च प्रक्षेपण | | आ.ब.२०८२/०८३ को खर्च प्रक्षेपण | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | रकम | प्रतिसत | रकम | प्रतिसत | रकम | प्रतिसत | रकम | प्रतिसत | रकम | प्रतिसत |
| १ | प्रत्यक्ष लैंगिक उत्तरदायी | २४५८२ | ३.८ | २९१२० | ३.८ | ३५२३५ | ३.८ | ३८७५९ | ३.८ | १०६०२६ | ३.८ |
| २ | अप्रत्यक्ष लैंगिक उत्तरदायी | २२९०४६ | ३५.५ | २७१३२९ | ३५.५ | ३२८३०८ | ३५.५ | ३६११३९ | ३५.५ | ९८७९०९ | ३५.५ |
| ३ | लैंगिक दृष्टिकोणले तठस्थ | ३९१३१४ | ६०.७ | ४६३५५२ | ६०.७ | ५६०८९८ | ६०.७ | ६१६९८८ | ६०.७ | १६८७७९४ | ६०.७ |
| **जम्मा** | | **६४५२०१** | **१००.** | **७६४३०७** | **१००.** | **९२४८११** | **१००.** | **१०१७२९३** | **१००.** | **२७८२८४२** | **१००.** |

## २.६.५ जलवायु संकेतको आधारमा तीन आर्थिक बर्षको बजेट अनुमान तथा प्रक्षेपण

**तालिका २.८. जलवायु संकेतको आधारमा तीन आर्थिक बर्षको बजेट अनुमान तथा प्रक्षेपण** *(रु हजारमा)*

| संकेत नं. | जलबायु परिवर्तनको संकेत | गत आ.ब.को यर्थात | | चालु आ.ब. को संशोधित अनुमान | | आगामी २०८०/०८१आ.ब.को बिनियोजन | | आ.ब.२०८१/०८२ को खर्च प्रक्षेपण | | आ.ब.२०८२/०८३ को खर्च प्रक्षेपण | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | रकम | प्रतिसत | रकम | प्रतिसत | रकम | प्रतिसत | रकम | प्रतिसत | रकम | प्रतिसत |
| १ | निर्दिष्ट | ३८००२ | ५.८९ | ४५०१८ | ५.८९ | ५४४७१ | ५.८९ | ५९९१९ | ५.८९ | १६३९०९ | ५.८९ |
| २ | सामान्य | १०९६८४ | १७.०० | १२९९३२ | १७.०० | १५७२१८ | १७.०० | १७२९४० | १७.०० | ४७३०८३ | १७.०० |
| ३ | तठस्थ | ४९७५१४ | ७७.११ | ५८९३५७ | ७७.११ | ७१३१२२ | ७७.११ | ७८४४३४ | ७७.११ | २१४५८४९ | ७७.११ |
| **कुल जम्मा** | | **६४५२०१** | **१००** | **७६४३०७** | **१००** | **९२४८११.४७** | **१००** | **१०१७२९३** | **१००** | **२७८२८४२** | **१००** |

## २.६.६ स्थानीय गौरवका आयोजनाको तीन आर्थिक बर्षको बजेट अनुमान तथा प्रक्षेपण

**तालिका २.९. स्थानीय गौरवका आयोजनाको तीन आर्थिक बर्षको बजेट अनुमान तथा प्रक्षेपण** *(रु हजारमा)*

| उपक्षेत्र | आयोजना र कार्यक्रम | आ.ब. २०८०/०८१को प्रक्षेपण | आ.ब.२०८१/०८२ को खर्च प्रक्षेपण | आ.ब.२०८२/०८३ को खर्च प्रक्षेपण |
|---|---|---|---|---|
| पर्यटन | नाइनी खप्तड त्रिवेणीधाम केबलकार आयोजना | ७६५१ | ८४१६ | ९२५७ |
| यातायात | साँझेवगर एयरपार्ट धावन मार्ग विस्तार | १९६७३ | २१६४१ | २३८०५ |
| पर्यटन | बुढीगंगा त्रिवेणी घुम्ती टावर निर्माण आयोजना | ५४६५ | ६०११ | ६६१२ |
| यातायात | नगर क्षेत्रको पिच सडक विस्तार आयोजना | २७३२४ | ३००५६ | ३३०६२ |
| पर्यटन | बुढाकोट खप्तड केबल कार आयोजना | १०९३० | १२०२३ | १३२२५ |
| शहरी विकास | बुढीगंगा करिडर बाँध, सडक र नमूना शहर निर्माण आयोजना | ३२७८९ | ३६०६८ | ३९६७४ |
| पुर्वाधार | खप्तड, बैधनाथ र त्रिवेणीधामको विकास आयोजना | ५४६५ | ६०११ | ६६१२ |
| | **जम्मा** | **१०९२९६** | **१२०२२५** | **१३२२४८** |

## २.६.७ विषय क्षेत्रगत कार्यक्रम तथा आयोजनाको तीन आर्थिक बर्षको बजेट अनुमान तथा प्रक्षेपण

**तालिका २.१०. विषय क्षेत्रगत कार्यक्रम तथा आयोजनाको तीन आर्थिक बर्षको बजेट अनुमान तथा प्रक्षेपण***(रु हजारमा)*

| क्र स | बिषयक्षेत्र | गत आ ब को यथार्त | | | चालु आ ब को सशोधित अनुमान | | | आ व २०८०।०८१ को खर्च प्रक्षेपण | | | आ व २०८१।०८२ को खर्च प्रक्षेपण | | | आ व २०८२।०८३ को खर्च प्रक्षेपण | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | कुल | चालु | पुँजीगत | कुल | चालु | पुँजीगत | कुल | चालु | पुँजीगत | कुल | चालु | पुँजीगत | कुल | चालु | पुँजीगत |
| १ | आर्थिक विकास | १११८७४ | ५१८८२ | ५४८१८ | ५३५०१ | २७२८६ | २६२१६ | ६७२५९ | ३४३०२ | ३२९५७ | ८३२३३ | ४२४४९ | ४०७८४ | १०१७२९ | ५१८८२ | ४९८४७ |
| | क. कृषि विकासः | ५०३४९३ | ६५४५४ | ४३८०३९ | २४०७५ | ३१३० | २०९४६ | ३०२६७ | ३९३५ | २६३३२ | ३७४५५ | ४८६९ | ३२५८६ | ४५७७८ | ५९५१ | ३९८२७ |
| | ख. सिंचाई | १३४२६५ | १३४३ | १३२९२२ | ६४२० | ६४ | ६३५६ | ८०७१ | ८१ | ७९९० | ९९८८ | १०० | ९८८८ | १२२०७ | १२२ | १२०८५ |
| | ग. पशु विकास | १११८८७ | ६४८९५ | ४६९९३ | ५३५० | ३१०३ | २२४७ | ६७२६ | ३९०१ | २८२५ | ८३२३ | ४८२८ | ३४९६ | १०१७३ | ५९०० | ४२७३ |
| | घ. उद्योग, व्यापार व्यवसाय | १७९०२० | २३२७३ | १५५७४७ | ८५६० | १११३ | ७४४७ | १०७६१ | १३९९ | ९३६२ | १३३१७ | १७३१ | ११५८६ | १६२७७ | २११६ | १४१६१ |
| | ङ. पर्यटन | १७९०२० | ० | १७९०२० | ८५६० | ० | ८५६० | १०७६१ | ० | १०७६१ | १३३१७ | ० | १३३१७ | १६२७७ | ० | १६२७७ |
| | च. बैंक, वित्तीय तथा सहकारी | १११८९ | ६७१३ | ४४७५ | ५३५ | ३२१ | २१४ | ६७३ | ४०४ | २६९ | ८३२ | ४९९ | ३३३ | १०१७ | ६१० | ४०७ |
| २ | सामाजिक विकास | २०४३५४ | ४१७०९० | ३६७८४ | ४१२७२६ | ३३८४३५ | ७४२९१ | ४३७१८४ | ३५८४९१ | ७८६९३ | ४७१६५४ | ३८६७५६ | ८४८९८ | ५०८६४६ | ४१७०९० | ९१५५६ |

| क्र स | बिषयक्षेत्र | गत आ ब को यथार्त | | | चालु आ ब को सशोधित अनुमान | | | आ व २०८०।०८१ को खर्च प्रक्षेपण | | | आ व २०८१।०८२ को खर्च प्रक्षेपण | | | आ व २०८२।०८३ को खर्च प्रक्षेपण | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | कुल | चालु | पुँजीगत | कुल | चालु | पुँजीगत | कुल | चालु | पुँजीगत | कुल | चालु | पुँजीगत | कुल | चालु | पुँजीगत |
| | क. शिक्षा तथा मानव संसाधन | १४३०४८ | १०८७१६ | ३४३३१ | २८८९०८ | २१९५७० | ६९३३८ | ३०६०२९ | २३२५८२ | ७३४४७ | ३३०१५८ | २५०९२० | ७९२३८ | ३५६०५२ | २७०६०० | ८५४५३ |
| | ख. आधारभुत स्वास्थ्य | ३४७४० | ३४०४५ | ६९५ | ७०१६३ | ६८७६० | १४०३ | ७४३२१ | ७२८३५ | १४८६ | ८०१८१ | ७८५७८ | १६०४ | ८६४७० | ८४७४० | १७२९ |
| | ग. खानेपानी तथा सरसफाई | १२२६१ | २४५ | १२०१६ | २४७६४ | ४९५ | २४२६८ | २६२३१ | ५२५ | २५७०६ | २८२९९ | ५६६ | २७७३३ | ३०५१९ | ६१० | २९९०८ |
| | घ. सामाजिक समावेशीकरण तथा सुरक्षा | ८१७४ | ४१६९ | ४००५ | १६५०९ | ८४२० | ८०८९ | १७४८७ | ८९१९ | ८५६९ | १८८६६ | ९६२२ | ९२४४ | २०३४६ | १०३७६ | ९९६९ |
| | ङ कला, संस्कृति, शान्ति सुरक्षा, मेलमिलाप | २०४४ | १८१९ | २२५ | ४१२७ | ३६७३ | ४५४ | ४३७२ | ३८९१ | ४८१ | ४७१७ | ४१९८ | ५१९ | ५०८६ | ४५२७ | ५६० |
| | च. युवा तथा खेलकूद | ४०८७ | १४७१ | २६१६ | ८२५५ | २९७२ | ५२८३ | ८७४४ | ३१४८ | ५५९६ | ९४३३ | ३३९६ | ६०३७ | १०१७३ | ३६६२ | ६५११ |
| ३ | पूर्वाधार विकास | १८१७४९ | १०६८२ | १७६२९६ | २२९२९२ | ६८७९ | २२२४१३ | २६०६२९ | ७८१९ | २५२८१० | ३१४४३६ | ९४३३ | ३०५००३ | ३५६०५२ | १०६८२ | ३४५३७१ |
| | क. सडक, पुल र यातायात | ४९०७२ | १४७२ | ४७६०० | ६११०९ | १८५७ | ६००५२ | ७०३७० | २१११ | ६८२५९ | ८४८९८ | २५४७ | ८२३५१ | ९६१३४ | २८८४ | ९३२५० |
| | ख. आवास, वस्ती भवन र बजार | ११९९५४ | १२०० | ११८७५५ | १५१३३३ | १५१३ | १४९८१९ | १७२०१५ | १७२० | १७०२९५ | २०७५२८ | २०७५ | २०५४५२ | २३४९९४ | २३५० | २३२६४४ |
| | ग. विद्युत तथा वैकल्पिक उर्जा | १०९०५ | ३२७ | १०५७८ | १३७५८ | ४१३ | १३३४५ | १५६३८ | ४६९ | १५१६९ | १८८६६ | ५६६ | १८३०० | २१३६३ | ६४१ | २०७२२ |
| | घ. सूचना र संचार प्रविधि | १८१७ | १८१७ | ० | २२९३ | २२९३ | ० | २६०६ | २६०६ | ० | ३१४४ | ३१४४ | ० | ३५६१ | ३५६१ | ० |
| ४ | वन वातावरण तथा विपद् व्यवस्थापन | १४८६७ | ११२९२ | ९३६६ | २२९२९ | ८४८४ | १४४४५ | २५२२२ | ९३३२ | १५८९० | १८४९६ | ६८४४ | ११६५३ | ३०५१९ | ११२९२ | १९२२७ |
| | क. बन र जैविक विविधता | १४९ | १४६ | ३ | २२९ | २२५ | ५ | २५२ | २४७ | ५ | १८५ | १८१ | ४ | ३०५ | २९९ | ६ |
| | ख. भूमि तथा जलाधार संरक्षण | ७४३ | ४४६ | २९७ | ११४६ | ६८८ | ४५९ | १२६१ | ७५७ | ५०४ | ९२५ | ५५५ | ३७० | १५२६ | ९१६ | ६१० |
| | ग. वातावरण तथा स्वच्छता | १०४१ | ६२४ | ४१६ | १६०५ | ९६३ | ६४२ | १७६६ | १०५९ | ७०६ | १२९५ | ७७७ | ५१८ | २१३६ | १२८२ | ८५५ |

| क्र स | बिषयक्षेत्र | गत आ ब को यथार्त | | | चालु आ ब को सशोधित अनुमान | | | आ व २०८०।०८१ को खर्च प्रक्षेपण | | | आ व २०८१।०८२ को खर्च प्रक्षेपण | | | आ व २०८२।०८३ को खर्च प्रक्षेपण | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | कुल | चालु | पुँजीगत | कुल | चालु | पुँजीगत | कुल | चालु | पुँजीगत | कुल | चालु | पुँजीगत | कुल | चालु | पुँजीगत |
| | घ. विपद वयवस्थापन | १२९३४ | ४७८६ | ८१४९ | १९९४८ | ७३८१ | १२५६७ | २१९४३ | ८११९ | १३८२४ | १६०९२ | ५९५४ | १०१३८ | २६५५२ | ९८२४ | १६७२७ |
| ५ | सुशासन तथा सेवा प्रवाह | १३२३५७ | १९५३२ | ५२९४ | ४५८५८ | ४४०२४ | १८३४ | ५०४४४ | ४८४२६ | २०१८ | ३६९९२ | ३५५१३ | १४८० | २०३४६ | १९५३२ | ८१४ |
| | क. सुशासन, ऐन, नियम तथा जवाफदेहिता | ६६१९ | ६६१९ | ० | २२९३ | २२९३ | ० | २५२२ | २५२२ | ० | १८५० | १८५० | ० | १०१७ | १०१७ | ० |
| | ख. संस्थागत संरचना तथा मानव संशाधन | ११२५१९ | ११२५१९ | ० | ३८९७९ | ३८९७९ | ० | ४२८७७ | ४२८७७ | ० | ३१४४३ | ३१४४३ | ० | १७२९४ | १७२९४ | ० |
| | ग. स्रोत परिचालन | ६६१९ | ६६१९ | ० | २२९३ | २२९३ | ० | २५२२ | २५२२ | ० | १८५० | १८५० | ० | १०१७ | १०१७ | ० |
| | घ. योजना व्यवस्थापन | ६६१९ | ६६१९ | ० | २२९३ | २२९३ | ० | २५२२ | २५२२ | ० | १८५० | १८५० | ० | १०१७ | १०१७ | ० |

# परिच्छेद ३ आर्थिक विकास

## ३.१. कृषि विकासः

### ३.१.१. पृष्ठभूमीः

नगरपालिका क्षेत्रमा प्रसस्त खेतीयोग्य जमीन भएको रहेको, भौगोलिक हिसावले विविधतायुक्त एवं व्यवसायिक तरकारी एवं फलफूल खेतीको संभावना रहेको छ । व्यवसायिकता तर्फ कृषकहरुको संलग्नता बढिरहेको संदर्भमा आवश्यक जनशक्तिको विकास, वजार पूर्वाधारहरुको विकास तथा वजार संजाल निर्माण गर्नेजस्ता कार्य गर्ने सकिने संभावना रहेको देखिन्छ । कृषि विकासको संभावना तथा अवसर, समस्या एवं सम्भावना/अवसर उपयोगको रणनीतिलाई देहाय बमोजिम प्रस्तुत गरिएको छ ।

**तालिका ३.१ अवस्था बिश्लेषण**

| सम्भावना तथा अवसर | समस्या तथा चुनौति | सम्भावना उपयोग रणनीति |
|---|---|---|
| - प्रसस्त खेती योग्य जमिन भएको<br>- भौगोलिक विविधता (लेक, वेसी)<br>- व्यवसायिक तरकारी तथा फलफूल खेती सम्भावना<br>- ८० प्रतिशित जनसंख्या कृषिमा संलग्न<br>- आलुको विउको लागि रस्टिक स्टोर निर्माणाधिन<br>- स्याउ उत्पादनको परिक्षण भइसकेको<br>- कोल्ड स्टोर निर्माणको प्रक्रियामा रहेको<br>- कृषि समुहहरुको गठन<br>- व्यवसायिक कृषि कार्यमा कृषकहरुको बढ्दो संलग्नता<br>- खाद्यान्न तथा तरकारी विउ विउज उत्पादन सम्भावना<br>- केही मात्रामा दक्ष कृषि जनशक्तिको उपलब्धता<br>- तालिम प्राप्त अगुवा कृषक<br>- आलु पकेट क्षेत्र<br>- जाई चिया, चिराइतोको उपलब्धता<br>- भटमास र कोदोको प्रसस्त उत्पादन<br>- प्रसस्त खोला नाला तथा पानीका मुल<br>- व्यवसायिक कृषि फार्मको सञ्चालन<br>- कृषि उपकरणहरुको प्रयोगको शुरुवात<br>- च्याउ र मह उत्पादन | - सडक पूर्वाधारको अभाव<br>- उन्नतजातको विउविजन तथा मलको अभाव<br>- व्यवस्थित बजारको अभाव<br>- कृषकलाई तालिमको अभाव<br>- माटो परिक्षणको अभाव<br>- आवश्यक मात्रामा कृषि विज्ञ, प्राविधिको अभाव<br>- आधुनिक प्रविधिको प्रयोगको कमी<br>- व्यसायीकरण हुन नसकेको<br>- जनशक्तिको अभाव<br>- जंगली जनावरले क्षति गर्ने गरेको<br>- कृषि विमा सम्बन्धि जानकारी नभएको<br>- परम्परागत कृषि प्रणाली<br>- जग्गा बाझो रहेको<br>- रोग, किराहरुको समस्या | - उत्पादित वस्तुलाई बजारसम्म पुर्याउने सडकको निर्माण गर्ने<br>- सहकारी र समुह मार्फत विउविजन उत्पादन तथा वितरण गर्ने<br>- गोठेमल उत्पादनमा अनुदान तथा प्रोत्साहनका कार्यक्रम सञ्चालन गर्ने<br>- कृषि उपज वितरण केन्द, कोल्डस्टोर स्थापना, बजार सञ्जालको स्थापना गर्ने<br>- कृषकलाई आवश्यक मात्रामा अनुदान तथा प्रोत्साहन कार्यक्रम सञ्चालन गर्ने<br>- आधुनिक कृषि प्रविधिबारे तालिम सञ्चालन गर्ने<br>- माटो परिक्षण शिविर तथा प्रयोगशाला सञ्चालन गर्ने<br>- एक वडा एक कृषि प्राविधिको व्यवस्था गर्ने<br>- आधुनिक प्रविधिको प्रयोगमा प्रोत्साहन दिने<br>- युवा लक्षित कृषि कार्यक्रम सञ्चालन गर्ने<br>- बालि विमाको व्यवस्था गर्ने<br>- रोगकीरा तथा प्रकोप नियन्त्रण तथा रोकथामको लागि पहल गर्ने<br>- कृषि विमालाई प्रभावकारी बनाउन जनचेतना अभिवृद्धि कार्यक्रम गर्ने<br>- बाझो जग्गामा व्यवसायिक खेती गर्न प्रोत्साहित गर्ने<br>- बाली संरक्षण प्रयोगशाला र वाली उपचार शिविर सञ्चालन गर्ने |

### ३.१.२. नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

एकीकृत नगर विकास योजना, कार्यक्रम तथा आयोजनाको आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य तालिका नं. ३.२ मा प्रस्तुत गरिएको छ :

**तालिका ३.२ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य**

| क्र स | सूचक | एकाई | गत आ.ब.को यथार्त उपलब्धी | चालु आ. ब.को अनुमान | मध्यकालिन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ |
| १ | बार्षिक आम्दानी रु. ५० हजारभन्दा कम हुने परिवार | प्रतिशत | १० | ५ | ४ | ३।५ | ३ |
| २ | आफ्नो उत्पादन र आम्दानीबाट वर्षभरी खान पुग्ने परिवार | प्रतिशत | ३५ | ४५ | ५० | ५२ | ५३ |
| ३ | खाद्यान्न उत्पादन (वासलात) धान चामल | मे.टन | ५००० | ६००० | ६५०० | ६८०० | ७००० |
| ४ | प्रति व्यक्ति खाद्यान्न उत्पादन वार्षिक | केजि | २०० | ३०० | ३०० | ३०० | ३५० |
| ५ | आम्दानीको २/३ तिहाईभन्दा बढी रकम खानामा खर्च गर्ने जनसंख्या | प्रतिशत | २५ | १८ | १७ | १६ | १५ |
| ६ | साना किसान तथा उत्पादकको औषत वार्षिक आय | रु. | १००००० | १५०००० | १६५००० | १८१५०० | १९९६५० |
| १८ | कृषि उपजहरुको बार्षिक मूल्य (एकमुष्ट) हजार | रु. | ३००००० | ४००००० | ४४०००० | ४८४००० | ५३२४०० |
| २८ | व्यवसायिक उत्पादनमा संलग्न कृषक | संख्या | ५० | १५० | १६५ | १८२ | २०० |
| २९ | आलु व्यवसायिक उत्पादन क्षेत्र | रोपनी | १००० | २००० | २२०० | २४२० | २६६२ |
| ३० | तरकारी व्यवसायिक उत्पादन क्षेत्र | रोपनी | ४०० | १००० | ११०० | १२१० | १३३१ |
| ३१ | अगुवा वा व्यवसायिक कृषक | संख्या | १५० | २५० | २७५ | ३०३ | ३३३ |
| ३२ | क्रियाशिल ग्रामीण कृषि कार्यकर्ता | संख्या | १० | ३० | ३३ | ३६ | ४० |
| ३३ | स्थानीय व्यवसायिक कृषि फार्म | संख्या | ५० | १५० | १६५ | १८२ | २०० |
| ३४ | सक्रिय व्यवसायिक कृषक सूमह | संख्या | १५० | २०० | २२० | २४२ | २६६ |
| ३५ | खाद्यान्न (धान, मकै, गहुँ र जौ) उत्पादन | मे.ट. | ६००० | ८००० | ८८०० | ९६८० | १०६४८ |
| ३६ | तरकारी उत्पादन | मे.ट. | ३०० | ५०० | ५५० | ६०५ | ६६६ |
| ३७ | फलफुल उत्पादन | मे.ट. | १०० | २०० | २२० | २४२ | २६६ |
| ४० | व्यवसायिक कृषि नर्सरी | संख्या | १ | ३ | ३ | ४ | ४ |
| २०५ | कम्पोष्ट–विन र गार्वेज–पिट प्रयोग गर्ने परिवार | संख्या | ५००० | ६६४७ | ७३१२ | ८०४३ | ८८४७ |

### ३.१.३. विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

आयोजनाको संक्षिप्त विवरण, उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा र मध्यमकालीन बजेट खाकाको आधारमा कृषि तथा खाद्य सुरक्षा उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान ३.३ मा प्रस्तुत गरिएको छ :

**तालिका ३.३ : कृषि तथा खाद्य सुरक्षा उप-क्षेत्रको त्रिवर्षीय खर्च तथा स्रोतको अनुमान** *(रु हजार)*

| आर्थिक वर्ष | बजेट अनुमान | | | | बजेटको स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| आर्थिक बर्ष २०८०।८१ | ३०२६७ | ३९३५ | २६३३२ | | | ३०२६७ | | |
| आर्थिक बर्ष २०८१।८२ | ३७४५५ | ४८६९ | ३२५८६ | | | ३७४५५ | | |
| आर्थिक बर्ष २०८२।८३ | ४५७७८ | ५९५१ | ३९८२७ | | | ४५७७८ | | |

### ३.१.४. कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको कृषि तथा खाद्य सुरक्षा उपक्षेत्रको संक्षिप्त विवरण तालिका नं. ३.४ मा प्रस्तुत गरिएको छ :

**तालिका ३.४ : कृषि तथा खाद्य सुरक्षा उप-क्षेत्रको कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण**

| | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधी (शुरु र समाप्ती) | अनुमानित लागत (रु हजार) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | कृषि तथा खाद्य सुरक्षा विकास | कृषि उत्पादनमा वृद्धि गरी आर्थिक अवसर सिर्जना गर्नु । | सालबसाल | ११३५०० | कृषि जन्य उत्पादनमा १०% ले वृद्धि भएको हुनेछ । |

### ३.१.५ जोखिम तथा अनुमान

कृषि, प्रविधि, मल, गुणस्तरीय बीउ तथा कृषि सामाग्री, कृषि प्रसार, कृषि भूमिको संरक्षण र एकीकृत व्यवस्थापन गर्न नसकिएमा अपेक्षित नतिजा हासिल हुने जोखिम रहन्छ। साथैकृषि क्षेत्रमा जलवायु परिवर्तन र प्रकोपको असरले लक्ष्य हासिल गर्नमा जोखिम रहन सक्दछ।

## ३.२. सिंचाई

### ३.२.१. पृष्ठभूमी

सिंचाई पूर्वाधारहरुको विकासका निमित्त नगरपालिका क्षेत्रमा प्रसस्त नदिनालाहरु रहेको, आंशिक सिंचाई कूलो तथा नहरहरुको निर्माण भएको, केही पोखरीहरु पनि निर्माण भएको भएतापनि आवश्यक मात्रामा खेतीयोग्य जमीनमा सिंचाई पर्याप्त हुन नसकेको देखिन्छ। सिंचाई पूर्वाधार तथा आयोजना संचालनको संभावना तथा अवसर, समस्या एवं सम्भावना/अवसर उपयोगको रणनीतिलाई देहाय बमोजिम प्रस्तुत गरिएको छ।

**तालिका ३.५. अवस्था बिश्लेषण**

| सम्भावना तथा अवसर | समस्या तथा चुनौति | सम्भावना उपयोग रणनीति |
|---|---|---|
| १४ | घरभित्रको धुवाँमुक्त घरधुरी | संख्या | २००० | ३००० | ३३०० | ३६३० | ३९९३ |

### ४.३.३. विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

आयोजनाको संक्षिप्त विवरण, उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा र मध्यमकालीन बजेट खाकाको आधारमा खानेपानी र सरसफाई उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान ४.११. मा प्रस्तुत गरिएको छ :

**तालिका ४.११ : खानेपानी र सरसफाइ उप-क्षेत्रको त्रिवर्षीय खर्च तथा स्रोतको अनुमान** *(रु हजार)*

| आर्थिक वर्ष | बजेट अनुमान | | | | बजेटको स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| आर्थिक बर्ष २०८०।८१ | २६२३१ | ५२५ | २५७०६ | | | २६२३१ | | |
| आर्थिक बर्ष २०८१।८२ | २८२९९ | ५६६ | २७७३३ | | | २८२९९ | | |
| आर्थिक बर्ष २०८२।८३ | ३०५१९ | ६१० | २९९०८ | | | ३०५१९ | | |

### ४.३.४. कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको खानेपानी तथा सरसफाइ उपक्षेत्रको संक्षिप्त विवरण तालिका नं. ४.१२. मा प्रस्तुत गरिएको छ :

**तालिका ४.१२.: खानेपानी तथा सरसफाइ उप-क्षेत्रको कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण**

| क स | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधी ( शुरु र समाप्ती) | अनुमानित लागत( रु. हजार) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | खानेपानी गुणस्तर परिक्षण कार्यक्रम | गुणस्तरीय तथा स्वच्छ खानेपानीमा पहुँच विस्तार | सालबसाली | २००० | नगरपालिका क्षेत्रका सबै खानेपानी मुहानको गुणस्तर जाँच भएको हुनेछ। |
| २ | खानेपानीको पहुँच विस्तार तथा एकघर एक धारा कार्यक्रम | गुणस्तरीय तथा स्वच्छ खानेपानीमा पहुँच विस्तार | सालबसाली | ४१००० | ५००० परिवारको नीजि धारामा पहुँच पुगेको हुनेछ र पाईप प्रणालीबाट खानेपानी प्राप्त गर्ने घर परिवारको संख्या ९० प्रतिसत पुगेको हुनेछ। |
| ३ | पूर्ण सरसफाइ कार्यक्रम | सरसफाई प्रबर्द्धन | सालबसाली | ६००० | पूर्ण सरसफाई उन्मुख समुदाय घोषणा भएका हुनेछन्। |
| ४ | विद्यालयमा सेनीटरी प्याड व्यवस्थापन प्रणाली निर्माण | छात्राहरुको सरसफाईमा पहुँच | सालबसाली | ५००० | माध्यमिक तहका सबै बिद्यालयमा सेनिटरी प्याड बिसर्जन ट्यांकी जडान गरिएको हुनेछ। |
| ५ | ढल निर्माण कार्यक्रम | सरसफाई प्रबर्द्धन | सालबसाली | २९००० | बजार क्षेत्रमा ढलको व्यवस्थापन भएको हुनेछ। |
| ६ | सार्वजनिक स्थलमा डस्ट विन स्थापना | सरसफाई प्रबर्द्धन | सालबसाली | २०४९ | बजार क्षेत्रमा डष्टविनको व्यवस्थापन भएको हुनेछ। |

### ४.३.५ जोखिम तथा अनुमान

प्रस्तातिव बजेट, कार्यक्रम सुनिश्चितता भई आयोजना संचालन तथा मर्मत संभार र स्तरोन्नति भएमा अपेक्षित उपलब्धि हासिल हुने देखिन्छ। आयोजनाको ढिला निर्माण र उचित व्यवस्थापन हुन नसक्नु खानेपानी र सरसरफाई सम्बन्धी अपेक्षित उपलब्धि हासिल गर्ने जोखिम पक्षको रुपमा आँकलन गरिएको छ।

## ४.४. सामाजिक समावेशीकरण तथा सुरक्षा

### ४.४.१. पृष्ठभूमी

नगरपालिका क्षेत्रको सामाजिक विकास अन्तर्गत समावेशीकरण तथा सामाजिक सुरक्षा उपक्षेत्रको अवस्था विश्लेषण गरी संभावना तथा अवसर, समस्या एवं सम्भावना/अवसर उपयोगको रणनीतिलाई देहाय बमोजिम प्रस्तुत गरिएको छ।

**४.१३. अवस्था बिश्लेषण**

| सम्भावना तथा अवसर | समस्या तथा चुनौति | सम्भावना उपयोग रणनीति |
|---|---|---|
| - समावेशी कानूनको कार्यान्वयन भएको<br>- स्थानीय सरकारमा महिला सहभागिता तथा भूमिका बढ्नु<br>- वडास्तरीय महिला, वाल वालिका, युवा, दलित संजालको गठन<br>- नगर तथा वडास्तरीय बाल क्लवहरुको कृयाशिलता<br>- असहाय बालवालिका केन्द्रको संचालन (२० जना वालवालिका रहेको)<br>- ८ वटा महिला बहुउद्देसिय सहकारी संचालन हुनु<br>- नगरस्तरीय अन्तरपार्टी महिला संजालको स्थापना तथा संचालन<br>- किशोरी समुहको सकृयता<br>- महिला अगुवा कृषक समुहको सकृयता हुनु<br>- नगरपालिका भित्र कुल १९६३ महिला तथा १४३५ पुरुष जेष्ठ नागरिकले सामाजिक सुरक्षा कार्यक्रमा समावेश<br>- नगरपालिकास्तरीय १५ सदस्यिय अपांगता समन्वय समिति गठन भएको<br>- सबै वडामा वडास्तरीय अपांगता समन्वय समिति गठन भएको<br>- नगरपालिका अपांगता समन्वय समितिको कार्यालय स्थापना भएको<br>- महेन्द्र मवि एउटा अपांगमैत्री विद्यालय भएको (वहिरा वालवालिकाको औपचारिक अध्ययन र १ जना तालिम प्राप्त शिक्षक ) र जनकल्याण माविमा ६ महिने सांकेतिक भाषाको अनौपचारिक शिक्षा) | - निर्णायक तहमा महिला, दलित, अपांगता भएका व्यक्ति तथा बालवालिकाको सहभागिता एवं भूमिकाको कमी<br>- महिला, दलित र अपांगता भएका व्यक्तिको सामाजिक, आर्थिक तथा राजनितिक क्षेत्रमा कमजोर सहभागिता<br>- संजालको वैधानिकता निरन्तरताको सुनिश्चिततामा कमी<br>- बजेट विनियोजनमा समावेशीताको सवाल कमजोर हुनु<br>- वालमैत्री स्थानीय शासनको कार्यान्वयन नहुनु<br>- दलित, महिला तथा अपांगता भएका व्यक्तिको शैक्षिक क्षेत्रमा कमजोर स्थिति रहनु<br>- दलितको परम्परागत पेशावाट जिविकोपार्जनमा कठिनाइ<br>- महिला हिंसा तथा छाउपडी प्रथाको निरन्तरता रहनु<br>- महिलाको समान ज्याला नहुनु<br>- बालविवाह तथा बहुविवाहको अन्त्य हुन नसक्नु<br>- आर्थिक, सामाजिक क्षेत्रमा महिलाको भूमिका तथा पहुँचमा कमी<br>- जेष्ठ नागरिकको जीवनयापनमा कठिनाई<br>- जेष्ठ नागरिक संजाल तथा समितिको गठन नभएको<br>- जेष्ठ नागरिकका लागि सुविधा युक्त वृद्धाश्रमको व्यवस्था नरहेको<br>- जेष्ट नागरिक सहायता कक्ष स्थापना नभएको<br>- अपांगमैत्री पूवार्धारको कमी<br>- अपांगता भएका व्यक्तिको सामाजिक, आर्थिक तथा राजनितिक क्षेत्रमा कमजोर सहभागिता | - निर्णायक तहमा दलित, महिला, बालवालिका र अपांगता भएका व्यक्तिको अर्थपूर्ण सहभागिता एवं भूमिकाकालाई सुनिश्चित गर्ने<br>- बजेट विनियोजनलाई समावेशीता गराउने<br>- बाल विवाह, बहुविवाह, महिला हिंसा तथा छाउपडी प्रथाको अन्त्यका लागि विद्यालय तथा समुदायस्तरबाट अभियान संचालन गर्ने<br>- आर्थिक, सामाजिक क्षेत्रमा महिलाको भूमिका तथा पहुँचमा वृद्धि गर्ने<br>- नगर तथा वडास्तरीय जेष्ठ नागरिक सहयोग तथा समन्वय समिति गठन गर्ने<br>- वालमैत्री स्थानीय शासनको कार्यान्वयन गर्ने<br>- हरेक वडामा वाल उद्यान तथा पार्कको व्यवस्था गर्ने<br>- वाल विकास केन्द्रको स्तरउन्नती गर्ने<br>- बालश्रम तथा बालविवाहलाई निरुत्साहित एवं निर्मुल गर्ने<br>- मनोरञ्जन सहितको आवासिय सुविधा सम्पन्न वृद्धाश्रम निर्माण तथा सञ्चालन तथा व्यवस्थापन गर्ने<br>- सार्वजनिक स्थलमा जेष्ठ नागरिक सहायता कक्ष स्थापना गर्ने<br>- अपांगता भएका व्यक्तिकोलागि विशेष स्वास्थ्य, शिक्षा तथा आर्थिक अवसर उपलब्ध गराउने<br>- अपांगमैत्री विद्यालय तथा पुर्वाधार निर्माण गर्ने<br>- अपांगता भएका व्यक्तिको लागि आवश्यक शिक्षाको अवसर उपलब्ध गराउने<br>- अपांगता संघलाई वैधानिकता दिने<br>- परिचय पत्र प्राप्त नभएका अपांगता भएका व्यक्तिको लागि परिचय पत्र उपलब्ध गराउने<br>- महेन्द्र मावि अपांगमैत्री विद्यालयमा शिक्षक र आया थप गर्नु पर्ने<br>- भूमिहिन दलित तथा विपन्नहरुको लगत तयारगरी भूमि तथा आवासको व्यवस्था गर्ने |

| सम्भावना तथा अवसर | समस्या तथा चुनौति | सम्भावना उपयोग रणनीति |
|---|---|---|
| - क र ख वर्गका अपांगता भएका व्यक्तिका लागि सुरक्षा भत्ताको व्यवस्था<br>- अपांगता भएका व्यक्तिको तथ्यांक संकलन भएको (४७८ जना)<br>- नगर तथा वडास्तरीय दलित संजाल गठन भएको<br>- छुवाछुत विरोधी कानून रहेको<br>- सामाजिक सुरक्षा तथा विद्यालयमा दलितका लागि छात्रवृतिको व्यवस्था भएको | - अपांगता भएका व्यक्तिको आर्थिक अवसरको कमी<br>- अपांगता भएका व्यक्तिको प्रयाप्त प्रोप्साहनको कमी<br>- केहि अपांगता भएका व्यक्तिको परिचय पत्र नहुनु<br>- दलितको परम्परागत पेशाबाट जिविकामा कठिनाइ<br>- जातीय छुवाछुत कुप्रथा कायमै रहनु<br>- किशोरी परामर्श केन्द्रको कमी<br>- महेन्द्र मावि अपांगमैत्री विद्यालयमा शिक्षक र आया कम भएको | - दलित लगायतका पिछडिएको वर्गको शिक्षा, स्वास्थ्य तथा रोजगारीका क्षेत्रमा विशेष अवसरहरु सृजना गर्ने<br>- छुवाछुत लगायतका सामाजिक विवेद तथा कुप्रथाको अन्त्य गर्न कानूनको कार्यान्वयन तथा जनचेतना वृद्धिमा जोड दिने<br>- उच्च तथा प्राविधिक शिक्षामा दलित तथा अति विपन्न वर्गका विद्यार्थीको प्रोत्साहनका लागि विशेष छात्रवृतिको व्यवस्था गर्ने<br>- दलितको परम्परागत पेशालाई विशिष्ठिकृत तथा व्यवसायिक गराउने<br>- निगरानी समिति, आमा समूह तथा अन्य संजालहरुलाई क्षमता विकासको माध्यमबाट सक्रिय बनाउने<br>- सामाजिक विकृति जुवातास, मदिरा, बन्द गर्नका लागि जनचेतना जगाउने<br>- वडा तथा नगरस्तरीय महिला संजाल गठन गर्ने |

### ४.४.२. नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

एकीकृत नगर विकास योजना, कार्यक्रम तथा आयोजनाको आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य तालिका नं. ४.१५. मा प्रस्तुत गरिएको छ :

**तालिका नं. ४.१५. नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य**

| क्र स | सूचक | एकाई | गत आ.ब.को यर्थात उपलब्धी | चालु आ. ब.को अनुमान | मध्यकालिन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ |
| १ | स्नातकतह उतीर्ण अपाङ्ग | संख्या | ५९ | ८० | ८८ | ९७ | १०६ |
| २ | स्नातक तह उत्तिर्ण गर्ने महिला | संख्या | ६०० | ८०० | ८८० | ९६८ | १०६५ |
| ३ | स्नातक तह उतिर्ण दलित | संख्या | ४०० | ६०० | ६६० | ७२६ | ७९९ |
| ४ | स्थानीय समिति÷संरचनाको नेतृत्वदायी पदमा महिला तथा अन्य लक्षित वर्गको प्रतिनिधित्व | प्रतिशत | ४५ | ५० | ५५ | ६१ | ६७ |
| ५ | जीवनपयोगी सीप प्राप्त तथा क्लब, सञ्जाल र संस्थामा आवद्ध युवा | वटा | ७५० | १००० | ११०० | १२१० | १३३१ |
| ६ | परिवर्तित स्थानीय संरचना तथा कानून अनुसार समावेशी (दलित, महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति र अन्य पिछडिएको वर्ग) समिति, संयन्त्र तथा संजाल | संख्या | १६ | २० | २२ | २४ | २७ |

| क्र स | सूचक | एकाई | गत आ.ब.को यर्थात उपलब्धी | चालु आ. ब.को अनुमान | मध्यकालिन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ |
| ७ | लैंगिक हिंसा र छुवाछुत सम्बन्धी घटना (बार्षिक) | संख्या | २२० | १५० | १६५ | १८२ | २०० |
| ८ | तालिम प्राप्त अपाङ्गता भएका व्यक्ति | संख्या | ५५ | ७५ | ८३ | ९१ | १०० |
| ९ | व्यवसायिक सीपमूलक तालिम प्राप्त महिला | संख्या | ९०० | १५०० | १६५० | १८१५ | १९९७ |
| १० | उद्दार, उपचार र सहयोग प्राप्त गर्ने हिंसाजन्य घटना पीडित | संख्या | ९ | २ | २ | २ | २ |
| ११ | छाउगोठमा वस्ने छुइहुने उमेर समुहका महिला | प्रतिशत | १५ | ० | ० | ० | ० |
| १२ | घर व्यवहार तथा कारोबारसम्बन्धी निर्णयमा महिला सहभागी हुने परिवार | संख्या | ३००० | ४००० | ४४०० | ४८४० | ५३२४ |
| १३ | युवाक्लब, संजाल तथा संस्था | संख्या | ४० | ५० | ५५ | ६१ | ६७ |
| १४ | लक्षित वर्ग, सशक्तिकरण र क्षमता विकास कार्यक्रमबाट लाभन्वित विपन्न र पिछडिएको वर्ग | संख्या÷ घरधुरी | १००० | २१०० | २३१० | २५४१ | २७९५ |
| १५ | लक्षित वर्ग लक्षित बजेट | प्रतिशत | १२ | १५ | १७ | १८ | २० |
| १६ | महिला लक्षित बजेट | प्रतिशत | १२ | १५ | १७ | १८ | २० |

### ४.४.३. विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

आयोजनाको संक्षिप्त विवरण, उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा र मध्यमकालीन बजेट खाकाको आधारमा **सामाजिक समावेशीकरण तथा सुरक्षा** उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान ४.१६. मा प्रस्तुत गरिएको छ :

**तालिका ४.१६: सामाजिक समावेशीकरण तथा सुरक्षा उप-क्षेत्रको त्रिवर्षीय खर्च तथा स्रोतको अनुमान** *(रु हजार)*

| आर्थिक वर्ष | बजेट अनुमान | | | | बजेटको स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| आर्थिक बर्ष २०८०।८१ | १७४८७ | ८९१९ | ८५६९ | | | १७४८७ | | |
| आर्थिक बर्ष २०८१।८२ | १८८६६ | ९६२२ | ९२४४ | | | १८८६६ | | |
| आर्थिक बर्ष २०८२।८३ | २०३४६ | १०३७६ | ९९६९ | | | २०३४६ | | |

### ४.५.४. कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको **सामाजिक समावेशीकरण तथा सुरक्षा** उपक्षेत्रको संक्षिप्त विवरण तालिका नं. ४.१७. मा प्रस्तुत गरिएको छ :

**तालिका ४ १७.: सामाजिक समावेशीकरण तथा सुरक्षा उप-क्षेत्रको कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण**

| क्र.सं. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | महिला सशक्तिकरण कार्यक्रम | बिपन्न महिला, अपांगता भएका व्यक्ति तथा विपद् प्रभावित परिवार, महिला सहकारीका सदस्यको आर्थिक तथा सामाजिक सशक्तिकरण गर्नु | सालवसाली | १२००० | विपन्न महिला, अपांगता भएका व्यक्ति, एकल महिला, आर्थिक र सामाजिक समेत वार्षिक २५० जना स्वरोजगार हुनेछन् । |
| २ | बालमैत्री स्थानीय तह घोषणा प्रोत्साहन कार्यक्रम | बाल बचाऊ, संरक्षण, विकास र सहभागितामा अभिवृद्धि गर्नु | सालवसाली | ८००० | बालमैत्री नगर घोषणा भएको हुनेछ । |
| ३ | अपाङ्गता भएका व्यक्ति संरक्षण र सशक्तीकरण कार्यक्रम | वर्गीकृत परिचय पत्र, सहायक सामग्री र सचेतनामा वृद्धि गर्नु | सालवसाली | ७५०० | ३,१०० जना अपाङ्गता भएका व्यक्तिले परिचयपत्र पाइ सामाजिक सुरक्षा कार्यक्रममा समावेश भएका हुनेछन् |
| ४ | ज्येष्ठ नागरिक संरक्षण कार्यक्रम | ज्येष्ठ नागरिकको सम्मान र संरक्षण गर्नु | सालवसाली | ५५०० | सामाजिक सुरक्षा कार्यक्रमबाट ज्येष्ठ नागरिक प्रत्यक्ष लाभान्वित हुनेछन् । |
| ५ | दलित, अल्पसंख्यक, सिमान्तकृत र जनजाति उत्थान कार्यक्रम | दलित, अल्पसंख्यक, सिमान्तकृत, जनजाति र यौनिक अल्पसंख्यकको अधिकार संरक्षण गर्नु | सालवसाली | १२००० | ७० प्रतिशत दलित वर्गमा चेतना र संस्कृतिको जगेर्नामा अभिवृद्धि, सिमान्तकृत बर्गको सशक्तीकरणमा अभिवृद्धि हुनेछ । |
| ६ | महिला, बालबालिका सामाजिक सरंक्षण र समावेशीकरण कार्यक्रम | लक्षित वर्गको सशक्तिकरणलाई प्रभावकारी बनाउनु | सालवसाली | ११६९९ | लैगिंक उत्तरदायि बजेटमा आधारित लक्षित वर्गको सरक्षण, सबलिकरण, सशक्तिकरणका प्रभावकारी सेवा हुनेछ । |

### ४.४.५ जोखिम तथा अनुमान

सम्बन्धित कार्यक्रममा प्राथमिकताका साथ बजेट विनियोजन, व्यावहारिक कार्यान्वयन तथा नीतिगत परिवर्तन भएको हुनेछ । यस क्षेत्रसँग सम्बन्धित निकाय तथा संरचनाको क्षमता विकास तथा क्रियाशिलता नभएमा अपेक्षित नतिजा प्राप्त नहुने जोखिम रहन स**४.५. कला, संस्कृति, शान्ति सुरक्षा, मेलमिलाप**

### ४.५.१. पृष्ठभूमी

नगरपालिका क्षेत्रको सामाजिक विकास अन्तर्गत कला सँस्कृति र मेलमिलाप उपक्षेत्रको अवस्था विश्लेषण गरी संभावना तथा अवसर, समस्या एवं सम्भावना/अवसर उपयोगको रणनीतिलाई देहाय बमोजिम प्रस्तुत गरिएको छ ।

**तालिका ४.१८ अवस्था बिश्लेषण**

| सम्भावना तथा अवसर | समस्या तथा चुनौति | सम्भावना उपयोग रणनीति |
|---|---|---|
| - सुदुर पश्चिमी देउडा, हुड्के नाच, होरी, चाँचरी, धमारी, पुत्ला, रोटे तिहार, तागा, मागल, भोडा जस्ता साँस्कृतिक अभ्यास हुनु<br>- बैद्यनाथ धाम, खप्तड, ग्वालेश्वर, धवलछडा, नवाहाट, सुग्दह, कालभैरव, भागेस्वर देवल, लङ्कमाता, नाउलाभाढ, दयगडा हाडासैन सिद्धधुनी, बाहुलढुंगा, रिडिकोट गढी, कालिका मन्दिर, तारेकुना, जिम्राडी धाम, भिम ढुंगा जस्ता धार्मिक रुपले महत्वपुर्ण क्षेत्र रहेको<br>- हिन्दु तथा खस सभ्यताको अभ्यासका रुपमा फागुपुन्नी, मष्ट पुजा, विसु, पुष १५, माघे सक्रान्ती, पुत्ला, भुओ जस्ता पर्वको अभ्यास<br>- पञ्चेवाजा, सारंगी, वासुरी जस्ता वाध्य वाधनको परम्परागत अभ्यास<br>- सबैजातको मिश्रीत बसोवास तथा सामाजिक एकता<br>- दुइवटा इलाका प्रहरी कार्यालय, ससस्त्र प्रहरी कार्यालय लगायत प्रहरी चौकीको स्थापना | - परम्परागत संस्कृतिको संरक्षणमा कमी<br>- पञ्चेवाजा वजाउने पेशा सम्मानित नहुनु<br>- धार्मिक क्षेत्रको संरक्षण र प्रसार प्रचारको कमी<br>- परम्परागत भाषा तथा भेषभुसाको संरक्षणमा कमी<br>- वाहिय साँस्कृतिको प्रभाव<br>- मध्यस्थकर्ता छनौटमा कमी | - कला तथा संस्कृति संरक्षण प्रतिष्ठानको स्थापना गर्ने<br>- कला तथा संस्कृति संरक्षणका लागि संग्राहलय स्थापना गर्ने<br>- पञ्चेवाजाको संरक्षण तथा प्रवर्द्धनलाई जोड दिने<br>- बैद्यनाथ धाम, खप्तड, जिम्राडी धाम जस्ता धार्मिक क्षेत्रको संरक्षण, पूर्वाधार निर्माण र प्रसार प्रचारको विशेष व्यवस्था गर्ने |

### ४.५.२. नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

एकीकृत नगर विकास योजना, कार्यक्रम तथा आयोजनाको आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य तालिका नं. ४.१९. मा प्रस्तुत गरिएको छ :

**तालिका ४.१९. नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य**

| क्र स | सूचक | एकाई | गत आ.ब.को यर्थात उपलब्धी | चालु आ. ब.को अनुमान | मध्यकालिन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ |
| १ | कला तथा संस्कृति प्रतिष्ठान | वटा | | | १ | १ | १ |
| २ | साँस्कृतिक प्रतियोगीता | वटा | | | १ | १ | १ |
| ३ | संगीत तथा कला प्रशिक्षण | वटा | | | १ | १ | १ |

### ४.५.३. विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

आयोजनाको संक्षिप्त विवरण, उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा र मध्यमकालीन बजेट खाकाको आधारमा **कला, संस्कृति, शान्ति सुरक्षा, मेलमिलाप** उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान ४.२० मा प्रस्तुत गरिएको छ :

**तालिका ४.२०: कला, संस्कृति, शान्ति सुरक्षा, मेलमिलाप उप-क्षेत्रको त्रिवर्षीय खर्च तथा स्रोतको अनुमान***(रु. हजार)*

| आर्थिक वर्ष | बजेट अनुमान | | | | बजेटको स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| आर्थिक बर्ष २०८०।८१ | ४३७२ | ३८९१ | ४८१ | | | ४३७२ | | |
| आर्थिक बर्ष २०८१।८२ | ४७१७ | ४१९८ | ५१९ | | | ४७१७ | | |
| आर्थिक बर्ष २०८२।८३ | ५०८६ | ४५२७ | ५६० | | | ५०८६ | | |

### ३.५.४. कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको **कला, संस्कृति, शान्ति सुरक्षा, मेलमिलाप** उपक्षेत्रको संक्षिप्त विवरण तालिका नं. ४.२१. मा प्रस्तुत गरिएको छ :

**तालिका ४.२१ : कला, संस्कृति, शान्ति सुरक्षा, मेलमिलाप उप-क्षेत्रको कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण**

| कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधी (शुरु र समाप्ती) | अनुमानित लागत (रु. हजार) | अपेक्षित नतिजा |
|---|---|---|---|---|
| कला तथा संस्कृति प्रतिष्ठानको स्थापना | कला क्षेत्रको समग्र विकास र अनुसन्धान गर्ने | २०८०/०८१ देखि २०८२/०८३ | ८५०० | कला तथा संस्कृति प्रतिष्ठानको स्थापना भएको हुनेछ । |
| साँस्कृतिक क्षेत्र प्रवर्द्धन कार्यक्रम | स्थानीय गीत तथा बाजाहरुको संरक्षण अभिलेख गर्न | २०८०/०८१ देखि २०८२/०८३ | ५६७५ | • स्थानीय संस्कृतिको अभिलेख तयार हुनेछ ।<br>• संगीत तथा नृत्य कक्षा संचालनमा आएको हुनेछ ।<br>• बार्षिक रुपमा साँस्कृतिक प्रतियोगिताहरु संचालनमा आएका हुनेछन । |

### ४.५.५ जोखिम तथा अनुमान

प्रस्तावित कार्यक्रमको लागि संस्थागत सुदृढीकरण, पर्याप्त स्रोत विनियोजन, स्वास्थ्य सामाग्रीको उपलब्धता, जनशक्ति व्यवस्थापन, अन्तर सरकार र सरोकारवाला बीच समन्वय हुन नसकेकमा अपेक्षित नतिजा हासिल नहुन सक्छ ।

## ४.६. युवा तथा खेलकूद

### ४.६.१. पृष्ठभुमि

सामाजिक विकास अन्तर्गत युवा तथा खेलकूद उपक्षेत्रको अवस्था विश्लेषण गरी संभावना तथा अवसर, समस्या एवं सम्भावना/अवसर उपयोगको रणनीतिलाई देहाय बमोजिम प्रस्तुत गरिएको छ ।

**४.२२. अवस्था बिश्लेषण**

| सम्भावना तथा अवसर | समस्या तथा चुनौति | सम्भावना उपयोग रणनीति |
|---|---|---|
| - सबै वडामा १४ वटा र नगरमा एक  युवा संजाल गठन तथा सकृय<br>- युवा संजालमा ९४ युवती र १४१ युवा संलग्न<br>- युवाद्धारा सामाजिक क्षेत्रमा सुधार तथा सहयोगका कार्य<br>- खेलकुदका क्षेत्रमा जिल्लास्तरीय फुटवल, क्रिकेट, भलिवल आयोजना<br>- युवा व्यवसाय कार्यमा संलग्न<br>- युवा संजालद्धारा सृजनात्मक कार्यहरु वक्तित्वकला, साँस्कृतिक कार्यक्रम, मोवाइल क्षमता प्रर्दशन परिक्षा, नेतृत्व तथा उद्धमशिलता विकास जस्ता तालिम संचालन<br>- वडासैन खेल मैदान सानपा ७ रिडिकोटमा रहेको | - खेलमैदान र खेलकुद पूर्वाधारमा कमी रहेको<br>- खेलाडी प्रोत्साहनमा कमी रहेको<br>- युवा पलायन रहेको<br>- घट्ट लगायत पुरानो मौलिक प्रविधिको संरक्षणको कमी<br>- युवाहरुमा बैदेशिक रोजगारमा आकर्षण रहेको<br>- युवा वेरोगारीको व्यापकता<br>- खेल मैदानको अभाव<br>- खेल प्रशिक्षक तथा खेल आयोजनाको कमि<br>- खेलकुद समिति गठन नहुनु<br>- युवा दुर्वसन तथा पलायन<br>- परम्परागत संस्कृति, कृषि पेशा प्रति युवाको विर्कषण<br>- यवालाई रोजगारमुलक सिप प्रदान गने संस्थाको कमी<br>- युवामा एकता र समान भावना हुन नसक्नु<br>- युवाको क्षेत्रमा कार्यक्रम तथा वजेटको कमी<br>- निर्णायक क्षेत्रमा युवा सहभागिताको कमी<br>- युवामा उद्यमशिलता भन्दा जागिरे मानसिकता | - युवा क्लब गठन र स्थानीय विकासका सवालहरुमा वहश तथा परीचालन गर्ने<br>- युवा क्लब तथा युवा परिचालन गरी सामाजिक जागरण, सामाजिक परिचालन तथा विकासका कार्य संचालन गर्ने<br>- खेलमैदान तथा पूर्वाधारको निर्माण गर्ने<br>- युवा स्वरोजगारका लागि आवश्यक तालिम तथा प्रोसाहनको व्यवस्था गर्ने<br>- युवाहरुलाई कुलतबाट जोगाउन संगित तथा खेलका अवसर प्रदान गरि दुर्वेसन मुक्त खेलकुद गराउने<br>- युवा स्वरोजगार कार्ययोजना तयार गरि कार्यान्वयन गर्ने<br>- निर्यायक क्षेत्रमा युवा सहभागिता सुनिश्चित गर्ने<br>- नगरस्तरीय कर्वड हल र वडाहरुमा खेल मैदान निर्माण गर्ने<br>- खेलाडीलाई तालिम तथा प्रोत्साहन गर्ने<br>- युवा स्वरोजगार कार्यक्रम सचालन गर्ने<br>- सबै वडा तथा नगरस्तरमा खेलकुद समितिको गठन गर्ने<br>- युवा सूचना केन्द्र स्थापना गर्ने |

### ४.६.२. नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

एकीकृत नगर विकास योजना, कार्यक्रम तथा आयोजनाको आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य तालिका नं. ४.२३. मा प्रस्तुत गरिएको छ :

**तालिका नं. ४.२३. नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य**

| क्र स | सूचक | एकाई | गत आ.ब.को यर्थात उपलब्धी | चालु आ. ब.को अनुमान | मध्यकालिन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ |
| १ | युवा संलग्न स्थानीय संरचना वा संयन्त्र | संख्या | २५ | ३५ | ३९ | ४२ | ४७ |
| २ | उद्यम, व्यवसाय र स्वरोजगारीमा संलग्न युवा | प्रतिशत | २० | ३० | ३३ | ३६ | ४० |
| ३ | कवर्डहल तथा खेलकुद मैदान | संख्या | १४ | २० | २२ | २४ | २७ |
| ४ | नगरपालिकामा संचालित खेलकुद प्रतियोगिता | संख्या | ८ | १२ | १३ | १५ | १६ |
| ५ | प्रदेश तथा राष्ट्रियस्तर खेलाडी | संख्या | ३० | ५० | ५५ | ६१ | ६७ |
| ६ | अन्तराष्ट्रिय खेलाडी संख्या | संख्या | ५ | ७ | ८ | ८ | ९ |

### ४.६.३. विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

आयोजनाको संक्षिप्त विवरण, उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा र मध्यमकालीन बजेट खाकाको आधारमा युवा तथा खेलकुद उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान ४.२४. मा प्रस्तुत गरिएको छ :

**तालिका ४.२४ : युवा तथा खेलकुद उप-क्षेत्रको त्रिवर्षीय खर्च तथा स्रोतको अनुमान** *(रु हजार)*

| आर्थिक वर्ष | बजेट अनुमान | | | | बजेटको स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| आर्थिक बर्ष २०८०।८१ | ८७४४ | ३१४८ | ५५९६ | | | ८७४४ | | |
| आर्थिक बर्ष २०८१।८२ | ९४३३ | ३३९६ | ६०३७ | | | ९४३३ | | |
| आर्थिक बर्ष २०८२।८३ | १०१७३ | ३६६२ | ६५११ | | | १०१७३ | | |

### ३.६.४. कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको युवा तथा खेलकुद उपक्षेत्रको संक्षिप्त विवरण तालिका नं. ४.२५: मा प्रस्तुत गरिएको छ :

**तालिका ४.२५ : युवा तथा खेलकुद उप-क्षेत्रको कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण**

| क्र स | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधी (शुरु र समाप्ती) | अनुमानित लागत (रु. हजार) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | नगरस्तरीय कवर्डहल निर्माण | खेलकुद पूर्वाधारको विकास गर्नु | २०८०/०८१ देखि २०८२/०८३ | १२००० | नगरपालिकामा एक बहुउद्देश्यक कवर्डहलको स्थापना भएको हुनेछ । |

| क स | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधी (शुरु र समाप्ती) | अनुमानित लागत (रु. हजार) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| २ | खेल मैदान निर्माण | खेलकुद पूर्वाधारको विकास गर्नु | २०८०/०८१ देखि २०८२/०८३ | ११००० | नगरपालिका क्षेत्रमा एक खेलकुदको मापदण्ड बमोजिमको मैदानको व्यवस्थापन भएको हुनेछ । |
| ३ | उद्यम उद्यमशिलता तालिम | युवाहरुमा सीप प्रदान गरी स्वरोगारीमा अभिवृद्धि गर्नु | २०८०/०८१ देखि २०८२/०८३ | २३५० | १००० जना युवाहरुले उद्यमशिलता तालिम प्राप्त गरेका हुनेछन् । |
| ४ | खेलकुद प्रशिक्षण कार्यक्रम | खेल प्रतिभाको विकास तथा स्वस्थ मानव संशाधन विकास गर्नु | २०८०/०८१ देखि २०८२/०८३ | १००० | निरंतर खेलकुद प्रशिक्षण संचालन भई प्रदेश तथा राष्ट्रिय स्तरका खेलाडीहरु उत्पादन भएका हुनेछन् । |
| ५ | युवा नेतृत्व विकास तालिम | नेतृत्व क्षमता विकास गर्नु | २०८०/०८१ देखि २०८२/०८३ | १००० | १००० जना युवाले नेतृत्व विकास तालिम प्राप्त गरेका हुनेछन् । |
| ६ | युवा सूचना केन्द्र स्थापना | सूचनामा यूवाको पहुँच अभिबृद्धि | २०८०/०८१ देखि २०८२/०८३ | १००० | एउटा युवा सुचना केन्द्रको स्थापना भएको हुनेछ । |

### ४.६.५ जोखिम तथा अनुमान

युवा तथा खेलकुद सम्बन्धी कार्यक्रमका लागि बजेटको यथोचित व्यवस्था भइ यससँग सम्बन्धित निकायको संस्थागत विकास, जनशक्ति व्यवस्थापन र खेलाडीलाई प्रोत्साहन नभएमा अपेक्षित उपलब्धि हासिल नहुन सक्छ।

# परिच्छेद ५ पूर्वाधार विकास

भौतिक तथा सार्वजनिक पूर्वाधार विकास कार्य नगरपालिकाको समग्र विकासका लागि अपरिहार्य रहेको हुन्छ। यसमा मूलतः बाटोघाटो, भवन, सिंचाई तथा नदी नियन्त्रण संरचना, सञ्चार प्रणाली, बैंक तथा वित्तिय संस्था आदि पर्दछन् । हाल नगरपालिका क्षेत्रभित्र पक्की सडक २८.५ किमी, २. ग्राभेल सडक २२.२५ किमी रहेको र कच्ची सडक १०६.५ कि.मि. रहेको छ । नगरपालिकामा साँफे (हाटबजार) र साँफे (एयरपोर्ट), बुढावगर, तासी, ठाँटी, श्रीकोट, पिपलतोला, वयलपाटा, भमखाना गरी ९ वटा बजार केन्द्र रहेको वडा नं.४ को छिपेखोलामा कृषि बजार संचालनमा रहेको एवं वडा नम्बर ४ को साँफेबगरमा नगर कार्यपालिकाको कार्यालय संचालन रहेको छ ।

नगरपालिकाको सडक तथा पुल, झोलुंगे पुल, भवन तथा सहरी विकास, उर्जा, लघु तथा साना जलविद्युत, वैकल्पिक उर्जा, सञ्चार सम्बन्धी शिर्षकहरुमा विश्लेषण गरी संभावना, समस्या तथा नगरवासीले चाहेको विकासको अवस्थालाई देहाय बमोजिमको तालिकामा प्रस्तुत गरिएको छ ।

## ५.१. सडक, पुल र यातायात

### ५.१.१. पृष्ठभूमी

पूर्वाधार विकास अन्तरगत सडक तथा यातायात उपक्षेत्रको वस्तुस्थिति विश्लेषण देहायअनुसार तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका ५.१: अवस्था बिश्लेषण**

| सम्भावना तथा अवसर | समस्या तथा चुनौति | सम्भावना उपयोग रणनीति |
|---|---|---|
| - पक्की सडक २८.५ कि.मि सडक रहेको र यातायात सुचारु रहेको<br>- ग्राभेल सडक २२.२५ मा सार्वजनिक यातायात संचालनमा रहेको<br>  - *वडा नं २ सल्लाघारी देखी इकडी खोला (१९ कि.मि.)*<br>  - *बुढीगंगा पक्की पुल देखी तेल ढोल्ने आप (वयलपाटा) (९ कि.मि.)*<br>  - *लुंग्रेलीगाड देखी वैजनाथधाम पर्यटन सडक (०.५ कि.मि)*<br>- कच्ची सडक १०६.५ कि.मि. रहेको<br>- कच्ची सडकहरुमा मौसमी रुपमा सार्वजनिक यातायात संचालन भइरहेको | **पक्की सडक**<br>- हालको मापदन्ड अनुसार सडकको चौडाई कम भएको<br>- सडकको नियमित, आवधिक आकस्मिक ममर्त संभार नभएको<br>- नालीको संरक्षण नभएको<br>- कजवे तथा कल्भर्ट नभएको<br>- सडक अतिक्रमण भएको र सडक बजार तथा चोकमा सडक बत्ती नभएको<br>- हाइवे, पक्की तथा ग्राभेल सडकमा वसस्टाण्ड, जेब्रा क्रसिङ र यात्रु प्रतिक्षालय नभएको<br>**ग्राभेल तथा कच्ची सडक**<br>- नगरपालिकाले तोकेको मापदण्ड अनुसार सडक चौडा नभएको र मोडहरु नमिलेको | **पक्की सडक (कि.मि.)**<br>- प्राथमिकता अनुसार बार्षिक ३ कि.मि. का दरले १५ कि.मि दरले सडक पिच गर्ने<br>- सडक आयोजनाहरुको विस्तृत प्रतिवेदन (डिपिआर) तयार गर्ने<br>- नगर यातायात गुरु योजना तर्जुमा गर्ने<br>- हाइवे तथा पक्की सडकमा वसस्टाण्ड, जेब्रा क्रसिङ र यात्रु प्रतिक्षालय निर्माण गर्ने<br>- पक्की सडकको नियमित, आवधिक र आकस्मिक मर्मतसंभार गर्ने<br>**ग्राभेल सडक**<br>- प्राथमिकता अनुसार बार्षिक १० कि.मि. का दरले ५० कि.मि दरले सडकको सहायक संरचना सहित सडक पिच गर्ने |

<table>
<tr><th>सम्भावना तथा अवसर</th><th>समस्या तथा चुनौति</th><th>सम्भावना उपयोग रणनीति</th></tr>
<tr><td>- हाइवे (साँफे मातडी राजमार्ग र साँफे मंगलसेन सडकहरुमा (६ आरसिसि पुल रहेको<br>- विभिन्न स्थानमा २२ वटा झोलुङ्गे पुल रहेको<br>- वडा नं. ४ को साँफेवगरमा पक्की धावन मार्ग सहितको हवाई मैदान रहेको</td><td>- कच्ची सडकमा ग्राभेल तथा पक्की नभएको<br>- सडकहरुमा पानी निकासको लागि नाली तथा सहायक संरचना नभएको<br>- सडकहरुको नियमित, आकस्मिक, आवधिक मर्मत संभार नभएको<br>- ठाउँठाउँमा पुल तथा कल्भर्ट र कजवे नभएको<br>- १२ महिना सार्वजनिक यातायात चालु नभएको<br>- सडकहरु अतिक्रमण भएको तथा मिचिएको<br>- सबै स्थान (वडा नं. १२ को खप्तड सडक संजालमा नजोडिएको<br>सडक पूल<br>- सडकहरुको नियमित तथा आवधिक मर्मत संभार नभएको<br>- पुलको संरक्षण नभएको<br>- हालको मापदण्ड अनुसार पुलको चौडाइ कम भएको<br>झोलुङ्गे पुल<br>- नियमित तथा आवधिक मर्मत संभार नभएको<br>- हेरालु व्यवस्था नभएको<br>हवाईमैदान<br>- हवाई टावर संचालन नभएको<br>- हवाई उडान नभएको</td><td>नयाँ ट्रयाक<br>प्राथमिकता अनुसार ८६ कि.मि. सडक मने नयाँ ट्रयाक खोल्ने<br>पक्की पुल तथा कल्भर्ट<br>- बुढाकोट पातालकोट सडकको १ स्थानमा पक्की पुल र ३ स्थानमा कजवे<br>- वडा नं. ३ र ४ जोड्ने एयरपोर्ट छेउमा पक्की पुल, वडा नं. र ७ र १ को भमखानमा पक्की पुल निर्माण गर्ने<br>- वडा नं. १० को घुँघुरकोट पनाडा देखी फडा हुँदै खप्तड नाईनी पर्यटक सडकको तालरवा खोला पक्की पुल निर्माण गर्ने<br>झोलुङ्गे पुल<br>प्राथमिकता अनुसार देहाय बमोजिम ३ वटा झोलुङ्गे पुल निर्माण गर्ने<br>- जिम्राडीधाम, वडा नं. ८<br>- ठूलाखोला, वडा नं. १२ खप्तड<br>- करतेखोला, वडा नं. १२ खप्तड<br>बुढीगंगा वडा नं. ३ र ४ को साझेवगर झोलुङ्गे पुलको वृहत मर्मत अन्य पुलहरुको नियमित मर्मत संभार गर्ने<br>हवाईमैदान<br>- हवाई टावर संचालनमा ल्याउने</td></tr>
</table>

### ५.१.२. नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

एकीकृत नगर विकास योजना, कार्यक्रम तथा आयोजनाको आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य तालिका नं. ५.२: मा प्रस्तुत गरिएको छ :

### तालिका नं. ५.२: नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

| क्र स | सूचक | एकाई | गत आ.ब.को यर्थात उपलब्धी | चालु आ. ब.को अनुमान | मध्यकालिन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ |
| १ | पक्की सडकमा पुग्न लाग्ने औषत समय | घण्टा | २ | १ | ०.५ | ०.४ | ०.३ |
| २ | संचालित तथा व्यवस्थित पदमार्गको लम्बाई | कि.मि. | १० | २० | २२ | २४ | २७ |
| ३ | १२ है महिना यातायात सुचारु सडक लम्बाई | कि.मि. | ८० | १०१ | १११ | १२२ | १३४ |
| ४ | यातायात सुचारु अन्तिम विन्दु (केन्द्र) | संख्या | ३० | ४० | ४४ | ४८ | ५३ |
| ५ | कालोपत्रे सडक | किमी | ३५ | ४४ | ४८ | ५३ | ५९ |
| ६ | ग्राभेल सडक | किमी | ५० | ७३ | ८० | ८८ | ९७ |
| ७ | धुले सडक | किमी | १४० | १६२ | १७८ | १९६ | २१६ |
| ८ | पक्की पुल (वेली समेत) | संख्या | ९ | ११ | १२ | १३ | १५ |
| ९ | बुढीगंगा तथा सहायक नदीमा झोलुङ्गे पुल | संख्या | २४ | २५ | २८ | ३० | ३३ |
| १० | यातायात सुचारु सडक लम्बाई | किमी | २१० | २६६ | २९३ | ३२२ | ३५४ |
| ११ | नगर क्षेत्रमा सूचारु ४ पाँग्रे सार्वजनिक सवारी साधन | संख्या | २५ | ४५ | ५० | ५४ | ६० |
| १२ | नियमित मर्मत संभार भएको सडकको लम्बाई | किमी | ५० | ७८ | ८६ | ९४ | १०४ |

### ५.१.३. विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

आयोजनाको संक्षिप्त विवरण, उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा र मध्यमकालीन बजेट खाकाको आधारमा सडक, पुल र यातायात उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान ५.३ मा प्रस्तुत गरिएको छ :

**तालिका ५.३ : सडक, पुल र यातायात उप-क्षेत्रको त्रिवर्षीय खर्च तथा स्रोतको अनुमान** *(रु हजार)*

| आर्थिक वर्ष | बजेट अनुमान | | | | बजेटको स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| आर्थिक बर्ष २०८०।८१ | ७०३७० | २१११ | ६८२५९ | | | ७०३७० | | |
| आर्थिक बर्ष २०८१।८२ | ८४८९८ | २५४७ | ८२३५१ | | | ८४८९८ | | |
| आर्थिक बर्ष २०८२।८३ | ९६१३४ | २८८४ | ९३२५० | | | ९६१३४ | | |

### ५.१.४. कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको सडक, पुल र यातायात उपक्षेत्रको संक्षिप्त विवरण तालिका नं. ५.४. मा प्रस्तुत गरिएको छ :

**तालिका ५.४ : सडक, पुल र यातायात उप-क्षेत्रको कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण**

| क स | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधी (शुरु र समाप्ती) | अनुमानित लागत (रु. हजार) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | सडक तथा यातायात कार्यक्रम | यातायात व्यवस्था सहज बनाउनु | सालबसाली | १३२१०० | सबै वडा कार्यालयमा ग्रभेल सडक पुगेको हुनेछ । |
| २ | सडकको नियमित, आवधिक र आकस्मिक मर्मत संभार | यातायात व्यवस्था सहज बनाउनु | सालबसाली | ५२३०० | सबै सडकहरु नियमति मर्मत सम्भार भएका हुनेछन् |
| ५ | सडक पुल | यातायात व्यवस्था सहज बनाउनु | सालबसाली | १३२०० | अत्यावश्यक खोलामा सानो पुल निर्माण भएका हुनेछन् |
| ६ | झोलुङ्गे पुल निर्माण र मर्मत | यातायात व्यवस्था सहज बनाउनु | सालबसाली | २७४०० | |
| ७ | व्यवस्थित वसपार्क निर्माण | यातायात व्यवस्था सहज बनाउनु | सालबसाली | १३२०१ | साँफेबगरमा १ व्यवस्थित बसपार्क निर्माण भएको हुनेछ । |
| ८ | पर्यटन पदमार्ग | पर्यटन यात्रालाई सहज बनाउने | सालबसाली | १३२०१ | खप्तड क्षेत्रलाई जोड्ने पदमार्ग विस्तार भएको हुनेछ । |

### ५.१.५ जोखिम तथा अनुमान

सडक निर्माण तथा स्तरोन्नतीमा अन्तर सरकार सहकार्यमा वृद्धि भएको हुनेछ । उपभोक्ता समिती तथा सबन्धित सरोकारवालाको सक्रिय सहभागितामा आयोजना व्यवस्थापन गर्न नसकिएमा अपेक्षित नतिजा हासिल हुने जोखिम रहन सक्छ ।

## ५.२. आवास, वस्ती  भवन र बजार

### ५.२.१. पृष्ठभूमी

पूर्वाधार विकास अन्तर्गत आवास, भवन तथा वस्ती विकास उपक्षेत्रको वस्तुस्थिति विश्लेषण देहायअनुसार तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका ५.५: अवस्था बिश्लेषण**

| सम्भावना तथा अवसर | समस्या तथा चुनौति | सम्भावना उपयोग रणनीति |
|---|---|---|
| - साँफे (हाटबजार) र साँफे ( एयरपोर्ट), बुढावगर, तासी, ठाँटी, श्रीकोट, पिपलतोला, वयलपाटा, भमखाना गरी ९ वटा बजार केन्द्र रहेको<br>- वडा नं.४ को छिपेखोलामा कृषि बजार संचालनमा रहेको<br>- वडा नम्बर ४ को साँफेबगरमा नगर कार्यपालिकाको कार्यालय संचालन रहेको<br>- वडा नं. ४, ६, ९, १०, ११ र १३ आफ्नै भवनमा वडा कार्यालय संचालनमा रहेको<br>- शहरी योजना तथा भवन निर्माण मापदण्ड २०७२ तर्जुमा र कार्यान्वयनमा रहेको<br>- नेपाल सडक मापदण्ड, २०७० तर्जुमा संचालनमा रहेको<br>- घरनक्शा पास कार्यविधि २०६० अनुसार नक्शा पास कार्य भैरहेको<br>- वडा १ को वैजनाथमा शंकरपार्क ( मिनी) पार्क रहेको<br>- वडा नं. ४ साँफे खाद्य स्टोरेज गोदाम घर (डब्लुएफपि) संचालनमा रहेको<br>- प्रत्येक वडाका मुख्य टोल (साविक वडा) हरुमा सामुदायिक भवन रहेको<br>- वडा नं. १२ को खप्तड तुकामा ५ वटा होमस्टे (पाहुना घर) रहेको | - सडक नाली तथा पानी निकासको व्यवस्था नभएको<br>- वसस्टायण्ड र पाकिङ्गको व्यवस्था नभएको<br>- बजारहरुमा सार्वजनिक शौचालयको जग्गा र संरचना नभएको<br>- भवन निर्माण मापदण्ड तथा निमयाली तर्जुमा नभएको<br>- भवन नक्शापास तथा भूकम्प प्रतिरोधी भवन बारे सचेतना तथा जानकारीमा कमी रहेको<br>- बजार केन्द्रमा बजार सेड, संकलन तथा वितरण केन्द्र, सार्वजनिक शौचालय, सडक तथा पार्किङ्गको व्यवस्था नभएको<br>- एकीकृत सेवा प्रवाहको लागि नगर कार्यपालिका कार्यालय, वडा कार्यालय, विषयगत शाखा तथा सेवा केन्द्र भवन कमी रहेको<br>- सभाहल नभएको<br>- सुरक्षित आश्रयस्थलको कमी रहेको<br>- फोहोर विसर्जन स्थल (डम्पिङ्ग साइट) नभएको<br>- सुदुर लक्षित प्राविधिक शिक्षालयको भवन निर्माण कार्य अधुरो रहेको | - पानी निकास नाली, वसस्ट्याण्ड, पाकिङ्ग स्थल, सार्वजनिक शौचालय, हरियाली खुल्लास्थान सहित बजार व्यवस्थित गर्ने<br>- पार्कसहित बृद्धाश्रम निर्माण गर्ने<br>- जनता आवास कार्यक्रमको थप विस्तार गर्ने<br>- सामुदायिक भवन सहित सुरक्षित आश्रयस्थल निर्माण गर्ने<br>- एकीकृत सेवा प्रवाहसहितको नगर कार्यपालिका भवन र वडा कार्यालय भवनहरु निर्माण गर्ने<br>- वस्ती/वस्तीमा पार्क र सुरक्षित खुल्ला क्षेत्र निर्माण गर्ने<br>- प्राविधिक, निर्माण व्यवसायी र मेसनको लागि भूकम्प प्रतिरोधी प्रविधि तथा निर्माण सम्बन्धी तालिम प्रदान गर्ने<br>- नक्शा पास, भूकम्प प्रतिरोधी निर्माण, सडक अधिकार क्षेत्र र मापदण्ड बारे सचेतना कार्यक्रम संचालन गर्ने<br>- वडा नं. ६ को वाग्थलामा डम्पिङ्ग साइटको संभाव्यता अध्ययन गरी निर्माण गर्ने<br>- २ स्थानमा वस पार्क निर्माण गर्ने (साँफे हाटबजार र साँफे एयरपोर्ट बजारमा)<br>- सुदुर लक्षित प्राविधिक शिक्षालयको भवन निर्माण कार्य शिघ्र सम्पन्न गर्न पहल गर्ने<br>- जनकल्याण प्राविधिक शिक्षाको भवन निर्माण सम्पन्न गर्ने<br>- दलित संजालका १४ वटै वटामा निर्माणधिन दलित लक्षित भवन सम्पन्न तथा नयाँ निर्माण गर्ने |

## ५.२.२. नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

एकीकृत नगर विकास योजना, कार्यक्रम तथा आयोजनाको आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य तालिका नं. ५.६. मा प्रस्तुत गरिएको छ :

**तालिका नं. ५.६. नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य**

| क्र स | सूचक | एकाई | गत आ.ब.को यर्थात उपलब्धी | चालु आ. ब.को अनुमान | मध्यकालिन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ |
| १ | मापदण्डअनुसार बनेका आवास घर | संख्या | | २०० | २२० | २४२ | २६६ |
| २ | सुरक्षित वस्तीमा बसोबास गर्ने परिवार | संख्या | ८५ | ९० | ९९ | १०९ | १२० |
| ३ | प्रवद्र्धित तथा सुरक्षित आवास क्षेत्र | हेक्टर | ० | २० | २२ | २५ | २७ |
| ४ | सुरक्षित, एकीकृत र व्यवस्थित वस्ती÷आवास क्षेत्र | संख्या | १ | ३ | ३ | ४ | ४ |
| ५ | वस्ती अयोग्य स्थानमा बसोबास गरेका परिवार | संख्या | ३० | ० | ० | ० | ० |
| ६ | नगरपालिका तथा वडा कार्यालय भवान | संख्या | ८ | १४ | १४ | १४ | १४ |

### ५.२.३. विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

आयोजनाको संक्षिप्त विवरण, उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा र मध्यमकालीन बजेट खाकाको आधारमा **आवास, वस्ती  भवन र बजार** उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान ५.७ मा प्रस्तुत गरिएको छ :

**तालिका ५.७ : आवास, वस्ती  भवन र बजार उप-क्षेत्रको त्रिवर्षीय खर्च तथा स्रोतको अनुमान** *(रु हजार)*

| आर्थिक वर्ष | बजेट अनुमान | | | | बजेटको स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| आर्थिक बर्ष २०८०।८१ | १७२०१५ | १७२० | १७०२९५ | | | १७२०१५ | | |
| आर्थिक बर्ष २०८१।८२ | २०७५२८ | २०७५ | २०५४५२ | | | २०७५२८ | | |
| आर्थिक बर्ष २०८२।८३ | २३४९९४ | २३५० | २३२६४४ | | | २३४९९४ | | |

### ३.६.४. कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको आवास, वस्ती  भवन र बजार उपक्षेत्रको संक्षिप्त विवरण तालिका नं. ५.८. मा प्रस्तुत गरिएको छ :

तालिका ५.८ : **आवास, वस्ती  भवन र बजार उप-क्षेत्रको कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण**

| कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधी (शुरु र समाप्ती) | अनुमानित लागत (रु. हजार) | अपेक्षित नतिजा |
|---|---|---|---|---|
| एकीकृत सेवा प्रवाहसहितको नगर कार्यपालिका तथा वडा कार्यालय भवन | नगरपालिकाको सेवा प्रवाहमा सहजता ल्याउन | सालबसाली | ३१६१०० | सबै वडा कार्यालय व्यवस्थापन भएका हुनेछन् । |

| | | | | |
|---|---|---|---|---|
| भूउपयोग नीति तथा योजना | जमिनको संरक्षण र बस्ती विकास गर्न | सालबसाली | ५५३० | भूउपयोग नीति तथा योजना तयार भएको हुनेछ । |
| प्राविधिक, निर्माण व्यवसायी र मेसनको लागि भूकम्प प्रतिरोधी प्रविधि तथा निर्माण सम्बन्धी तालिम प्रदान | भूकम्प प्रतिरोधी मापदण्ड बमोजिमका संरचना निर्माण गर्न | सालबसाली | ७३४५ | भूकम्प प्रतिरोधी मापदण्ड अनुसार संरचना निर्माण हुनेछन् । |
| सुदुर लक्षित प्राविधिक शिक्षालय तथा जनकल्याण प्राविधिक शिक्षालयको भवन निर्माण | सुरक्षित भवन निर्माण गर्न | सालबसाली | १७३२४३ | प्राबिधिक शिक्षालयको भवन निर्माण भएको हुनेछ । |
| नाइनी पर्यटकीय क्षेत्रमा मठ मन्दिर, पुरातात्तिक शिला र कला निर्माण र संरक्षण | नाईनी क्षेत्रको पर्यटकीय पूर्वाधार निर्माण गर्न | सालबसाली | ११२३१० | धार्मिक पर्यटकीय संरचना निर्माण भएका हुनेछन् |

### ५.२.५ जोखिम तथा अनुमान

भूउपयोग, आवास, बस्ती विकास तथा भवन निर्माण सम्बन्धी मापदण्ड तयार सहित परिपालनामा अभिवृद्धि हुनेछ। भूस्वरुपमा परिवर्तन र शहरीकरणका कारण वातावरणीय ह्रासमा वृद्धि भई नगर क्षेत्रको सुन्तरता, हरियाली र स्वच्छतामा ह्रास आउने जोखिम रहेकोछ ।

## ५.३. विद्युत तथा वैकल्पिक उर्जा

### ५.३.१. पृष्ठपोषण

पूर्वाधार विकास अन्तरगत विद्युत तथा वैकल्पिक उर्जा उपक्षेत्रको वस्तुस्थिति विश्लेषण देहायअनुसार तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका ५.९: अवस्था बिश्लेषण**

| सम्भावना तथा अवसर | समस्या तथा चुनौति | सम्भावना उपयोग रणनीति |
|---|---|---|
| - २० मेगावाट क्षमताको बुढीगंगा जलविद्युत निर्माण प्रक्रिया शुरु भएको<br>- वडा नं ९ चौरपिपल बुढाकोटमा ३.८ किलोवाट घट्टेखोला जलविद्युत आयोजना<br>- वडा नं. ९ ऐराडा मा धौलछडा पानीघट्टको २.५ किलोवाट विद्युत उत्पादन रहेको | - विद्युत उत्पादन कमी रहेको<br>- सबै वस्तीमा विद्युत सेवा उपलब्ध नरहेको<br>- विद्युत उपलब्ध रहेको स्थानहरुमा ट्रान्सफर्मरको क्षमता र संख्यामा कमी रहेको | - बुढीगंगा जलविद्युत निर्माण गर्न पहल गर्ने<br>- वडा नं. १३ को बाब्लामा ४० किलोवाटको तालरवा लघु जलविद्युत आयोजना संचालन लगायतको चालु |

| सम्भावना तथा अवसर | समस्या तथा चुनौति | सम्भावना उपयोग रणनीति |
|---|---|---|
| - वडा नं. १० को डुप्का वगरमा ३४ किलोवाट क्षमताको लघु जलविद्युत आयोजना संचालनमा रहेको<br>- वडा नं. १३ को बाब्लामा ४० किलोबाटको तालरवा लघु जलविद्युत आयोजना निर्माण भएको<br>- छड प्रतिशत घरपरिवारमा विद्युत उपलब्ध रहेको (वडा नं. १, २, ३, ४, ६, ७, ८ मा पुरै, वडा नं. ५, १० को आंशिक घरधुरी)<br>- द्दद्दछट (३४%) घरपरिवारमा सोलार प्रणाली रहेको<br>- सडक तथा सार्वजनिक स्थानमा वत्तीका लागि सोलार प्यानल रहेको (वडा नं. ३ र ४ को बजार क्षेत्रमा १६८ वटा सेट रहेको)<br>- ३०२ घरधुरीमा वायोग्यास प्लाण्ट उपलब्ध रहेको<br>- करिब २०० घरपरिवारमा सुधारिएको चुल्हो उपलब्ध रहेको<br>- वडा नं. ४ (साँफे), १० को घुँघुरकोट, ११ को देविस्थान, १२ को खप्तड, १३ को बाब्ला र १४ पातालकोट वडा कार्यालय, सोलार प्रणालीको पावर व्याकअपको व्यवस्था रहेको | - विद्युत लाइनमा पोल तथा तार जिर्ण भएको<br>- वडा नं. ९, ११, १२, १३ र १४ (साविकको पातलकोट, बुढाकोट, देविस्थान र खप्तड र बाँब्ला) मा विद्युत सेवा नपुगेको<br>- वडा नं. १३ को बाब्लामा ४० किलोबाटको तालरवा लघु जलविद्युत आयोजना बन्द भएको | आयोजना नियमित मर्मत संभार गर्ने<br>- विद्यूत नपुगेको स्थानहरुमा विद्युत लाइन विस्तार गर्ने<br>- वैकल्पिक उर्जा प्रवर्धन तथा विस्तारका लागि सचेतना कार्यक्रम संचालन तथा प्रोत्साहन अनुदान प्रदान गर्ने |

## ५.२. नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

एकीकृत नगर विकास योजना, कार्यक्रम तथा आयोजनाको आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य तालिका नं. ५.१०: मा प्रस्तुत गरिएको छ :

**तालिका नं. ५.१०: नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य**

| क्र स | सूचक | एकाई | गत आ.ब.को यर्थात उपलब्धी | चालु आ. ब.को अनुमान | मध्यकालिन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ |
| १ | स्थानीय विद्युत उत्पादन | कि.वा | ८० | १२० | १३२ | १४५ | १६० |
| २ | सोलार प्रणालीसहित विद्युत सेवा पुगेका घरपरिवार | संख्या | ४३२० | ५३१८ | ५८५० | ६४३५ | ७०७८ |
| ३ | सुधारिएको उर्जा (वायोग्यास÷एलपि) प्रयोग गर्ने परिवार | संख्या | ९०० | १५०० | १६५० | १८१५ | १९९७ |
| ४ | जडान सौर्य होम प्रणाली र संस्थागत प्रणाली | संख्या | ३५०० | ४५०० | ४९५० | ५४४५ | ५९९० |
| ५ | सुधारिएको वा धुवारहित चुल्हो जडान भएका परिवार | संख्या | ६०० | १००० | ११०० | १२१० | १३३१ |
| ६ | परम्परागत उर्जा प्रयोग गर्ने घरधुरी | संख्या | ४००० | २५०० | २७५० | ३०२५ | ३३२८ |
| ७ | विद्युत पुगेका वडा | संख्या | १२ | १४ | १४ | १४ | १४ |

### ४.६.३. विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

आयोजनाको संक्षिप्त विवरण, उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा र मध्यमकालीन बजेट खाकाको आधारमा **विद्युत तथा वैकल्पिक उर्जा** उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान ५.११. मा प्रस्तुत गरिएको छ :

**तालिका ५.११ : विद्युत तथा वैकल्पिक उर्जा उप-क्षेत्रको त्रिवर्षीय खर्च तथा स्रोतको अनुमान** *(रु हजार)*

| आर्थिक वर्ष | बजेट अनुमान | | | | बजेटको स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| आर्थिक बर्ष २०८०।८१ | १५६३८ | ४६९ | १५१६९ | | | १५६३८ | | |
| आर्थिक बर्ष २०८१।८२ | १८८६६ | ५६६ | १८३०० | | | १८८६६ | | |
| आर्थिक बर्ष २०८२।८३ | २१३६३ | ६४१ | २०७२२ | | | २१३६३ | | |

### ३.६.४. कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको **विद्युत तथा वैकल्पिक उर्जा** उपक्षेत्रको संक्षिप्त विवरण तालिका नं. ५.१२: मा प्रस्तुत गरिएको छ :

**तालिका ५.१२ : विद्युत तथा वैकल्पिक उर्जा उप-क्षेत्रको कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण**

| क स | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधी ( शुरु र समाप्ती) | अनुमानित लागत (रु. हजार) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | जलस्रोत, विद्युत तथा वैकल्पिक उर्जा कार्यक्रम | प्रदूषण न्यूनीकरण, नविकरणीय उर्जा प्रवर्द्धन, व्यवस्थापन गर्नु | सालबसा ली | ५५८६७ | विद्युत, नविकरणीय उर्जा कार्यक्रम प्रवर्द्धन, प्रभावकारी हुनेछ । |

### ४.६.५ जोखिम तथा अनुमान

हाल भएकोप्रविधि प्रवर्द्धन सहितको उपयोग, बजेटको सुनिश्चिता, मानव संशाधन उपलब्ध भएमा उल्लिखित उपलब्धिहरु हासिल हुनेछ । सो हुन नसकेमा योजना प्राप्त नहुने जोखिम रहन सक्छ ।

## ५.४ सूचना र संचार प्रविधि

### ५.४.१. पृष्ठभूमी

पूर्वाधार विकास अन्तरगत विद्युत तथा वैकल्पिक उर्जा उपक्षेत्रको वस्तुस्थिति विश्लेषण देहायअनुसार तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका ५.१३: अवस्था बिश्लेषण**

| सम्भावना तथा अवसर | समस्या तथा चुनौति | सम्भावना उपयोग रणनीति |
|---|---|---|
| - ४८ प्रतिशत जनसंख्यामा मोवाइल सेवा उपलब्ध रहेको<br>- वडा नं. ३, ४ र ८ को बजार क्षेत्रमा ल्याण्डलाइन टेलिफोन सेवा, इन्टरनेट सेवा वाइफाई सेवा उपलब्ध रहेको<br>- नगर कार्यापालिका कार्यालयमा द्रुतगतिको ब्रोडलिंक इन्टरनेट सेवा र सूचना प्रसारणको लागि एलइडि डिस्प्ले वोर्ड उपलब्ध रहेको<br>- नगर कार्यापालिका कार्यालय, र वेतालमाण्डु, प्रभा धमकोट, जनकल्याण माविमा सिसिटिभी मा वायोमेट्रिक हाजिरी रहेको<br>- वैद्यनाथधाम र वयलपाटा हस्पिटलमा सिसिटिभी संचालनमा रहेका<br>- जनप्रिय एफएम संचालनमा रहको<br>- छापाखाना २ वटा रहेको<br>- डाइनामिक आधिकारित वेवसाइट, सामजिक संजाल, एफएम र जिल्ला र राष्ट्रिय पत्रपत्रीकाबाट नगर गतिविधि, जानकारी प्रकाशन र प्रसारण भैरहेको<br>- छिटोछरितो सन्देश प्रवाहका वेवमा आधारित ग्रुप एसएमएस र विभिन्न जानकारी अवलोकन गर्न डाउनलोड तथा पुन प्रयोग गर्न सकिने नगरको डाटा पोर्टल संचालनमा रहेको<br>- नगर कार्यपालिका कार्यालयमा स्थानीय सरकारकालागि विकास गरिएका प्रविधिहरुको प्रयोग गरी तथ्याङ्क संकलन र अद्यावधिक गर्ने सूचना प्रविधि केन्द्र संचालनमा रहेको | - विटिएस टावर संख्या कम रहेको तथा क्षमता कम भएको<br>- सवै स्थानमा मोवाइल सेवा सुचारु नभएको<br>- वडा कार्यालयहरुमा इन्टरनेट सेवा उपलब्ध तथा संचालनमा नभएको<br>- कार्यालमा कागजातहरु पुरानो प्रविधिबाट अभिलेख गरिएको<br>- सवै वडामा मोवाईल तथा ल्याण्डलाइन टेलिफोन सेवा उपलब्ध नभएको<br>- कर्मचारीको कमीको कारण अनलाईन प्रविधिबाट सामाजिक सुरक्षा भत्ताको विवरण प्रविष्टीमा ढिलाई भएको<br>- सेवाग्राहीले गुनासो राख्ने संयन्त्र नभएको<br>- डिजिटल तथा अडियो नोटिस वोर्डको सुविधा नभएको<br>- नगरपालिका भित्रका कर्मचारी विवरण तथा काम डिजिटल हुन नसकेको<br>- नागरिकहरुको सल्लाह सुझाव दिने संयन्त्रको कमी | - टावरको संख्या र क्षमता बृद्धी कम्पनीहरुसँग समन्वय गर्ने<br>- सूचना प्रविधिको सदुयोग बारे पदाधिकारी तथा कर्मचारीका लागि क्षमता विकास तालिम संचालन गर्ने<br>- विकास बुलेटिन प्रकाशन गर्ने (चौमासिक)<br>- पदाधिकारी तथा सेवाग्राही संवाद कार्यक्रम संचालन गर्ने<br>- जनप्रतिनिधि र कर्मचारीका लागि जिडिटल साक्षरता क्षमता विकास तालिम संचालन गर्ने<br>- वडा कार्यालयमा इन्टरनेट सुविधा जडान गर्ने<br>- डकुमेण्ट म्यानेजमेण्ट सफ्टवयर प्रयोग गरी कागजातहरुको डिजिटाइज्ड गर्ने<br>- सामाजिक सुरक्षा भत्ता विवरण र व्यक्तिगत घटना दर्तालाई अनलाइन प्रविधिमा लैजाने<br>- गुनासो सुनुवाई र व्यवस्थापन प्रणालीको अनलाइन र अफलाइन प्रणाली दुवैबाट संचालन गरिने<br>- डिजिटल तथा अडियो नोटिस वोर्ड जडान गर्ने<br>- कर्मचारीको विवरण, विदा, गुनासा र सुझावका लागि मानव संशाधन प्रणालीको विकास गर्ने<br>- प्राजेक्ट मनिटरिङ्ग टुलबाट नागरिकले पूर्वाधार विकास आयोजनाहरुको प्रगति विवरण, लागत खर्च र आयोजना सम्बन्धी जानकारी र खुल्ला वहश संचालन गर्ने<br>- बालबालिका बुटक्यामको आयोजना गरेर प्रविधिबाट ज्ञान आर्जन गर्ने तरिका हस्तारण गर्ने |

### ४.६.२. नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

एकीकृत नगर विकास योजना, कार्यक्रम तथा आयोजनाको आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य तालिका नं. ५.१४ मा प्रस्तुत गरिएको छ :

**तालिका नं. ५.१४ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य**

| क्र स | सूचक | एकाई | गत आ.ब.को यर्थात उपलब्धी | चालु आ. ब.को अनुमान | मध्यकालिन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ |
| १ | संचारका कुनै एक साधन उपलब्ध परिवार | प्रतिशत | ० | ८८ | ९७ | ९८ | ९८ |
| २ | इन्टरनेट सेवा प्रयोग गर्ने जनसंख्या | संख्या | ४० | ६० | ६६ | ७३ | ८० |
| ३ | मोबाइल प्रयोगकर्ता | संख्या | ७५०० | ९५०० | १०४५० | ११४९५ | १२६४५ |
| ४ | पत्रपत्रीका, टेलीभिजन र इन्टरनेट प्रयोग परिवार | संख्या | २४०० | ३३२४ | ३६५६ | ४०२२ | ४४२४ |
| ५ | उद्यम व्यवसायमा सूचना प्रविधि प्रयोग गर्ने व्यक्ति | सख्या | १०० | २०० | २२० | २४२ | २६६ |
| ६ | ईन्टरनेट पुगेका वडा | संख्या | ८ | १४ | १४ | १४ | १४ |
| ७ | सेवा सुचारु सेवा तथा श्रोत केन्द्र (स्वास्थ्य, कृषि, पशु सेवा, शिक्षा, सूचना) | संख्या | ३३ | ४४ | ४८ | ५३ | ५९ |

### ४.६.३. विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

आयोजनाको संक्षिप्त विवरण, उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा र मध्यमकालीन बजेट खाकाको आधारमा सूचना र संचार प्रविधि उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान ५.१६. मा प्रस्तुत गरिएको छ :

**तालिका ५.१६ : सूचना र संचार प्रविधि उप-क्षेत्रको त्रिवर्षीय खर्च तथा स्रोतको अनुमान** *(रु हजार)*

| आर्थिक वर्ष | बजेट अनुमान | | | | बजेटको स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| आर्थिक बर्ष २०८०।८१ | २६०६ | २६०६ | ० | | | २६०६ | | |
| आर्थिक बर्ष २०८१।८२ | ३१४४ | ३१४४ | ० | | | ३१४४ | | |
| आर्थिक बर्ष २०८२।८३ | ३५६१ | ३५६१ | ० | | | ३५६१ | | |

### ३.६.४. कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको **सूचना र संचार प्रविधि** उपक्षेत्रको संक्षिप्त विवरण तालिका नं. ५.१७ मा प्रस्तुत गरिएको छ :

**तालिका ५.१७ : सूचना र संचार प्रविधि उप-क्षेत्रको कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण**

| क्र. सं. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | सूचना तथा संचार प्रविधि प्रवर्द्धन कार्यक्रम | सूचना तथा संचारको उपयोगलाई जनमुखी गराउनु | सालबसाली | ९३११ | विद्युतीय सुशासनका अभ्यास सहित गुणस्तरीय प्रभावकारी सेवा प्रबाह भएको हुनेछ । |

## ४.६.५ जोखिम तथा अनुमान

उपलब्ध प्रविधिको उपयोग, बजेटको सुनिश्चिता, दक्ष मानव संशाधन उपलब्ध भएमा र महामारी तथा अन्य अवस्था नभएमा उल्लिखित उपलब्धि हासिल हुनेछ । सो हुन नसकेमा योजनाको लक्ष्य तथा उद्देश्य प्राप्त नहुने जोखिम रहन सक्छ ।

# परिच्छेद ६ वातावरण तथा विपद

साँफेबगर नगरपालिकाको वन तथा भुसंरक्षण, जलाधार संरक्षण, वातावरण संरक्षण, जलवायु परिवर्तन, फोहरमैला व्यवस्थापन, जल उपन्न प्रकोप नियन्त्रण, विपद् व्यवस्थापन सम्बन्धी शिर्षकहरुमा विश्लेषण गरी संभावना, समस्या तथा नगरवासीले चाहेको विकासको अवस्थालाई देहाय बमोजिमको तालिकामा प्रस्तुत गरिएको छ।

## ६.१. वन र जैविक विविधता

### ६.१.१. पृष्ठभूमी

वन, वातावरण तथा विपद व्यवस्थापन अन्तरगत वन तथा जैविक विविधता उपक्षेत्रको वस्तुस्थिति विश्लेषण देहायअनुसार तालिकामा प्रस्तुत गरिएको छ।

**तालिका नं. ६.१: अवस्था बिश्लेषण**

